# एब्स्ट्रयाक्ट चिन्तन : प्याज



शङ्कर लामिछाने

# एब्स्ट्र्याक्ट चिन्तन : प्याज

(निबन्धसङ्ग्रह)

शङ्कर लामिछाने

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२४

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : बुक हिल पब्लिकेसन (शङ्कर लामिछाने)

*संस्करण* : प्रथम २०७५

*ISBN* :

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2025-12-29, 23:09:39 UTC

*Latest minor Correction* : 2025-12-29, 23:09:39 UTC

*Sahityaras ebook id* : 20251229230939

**Cover art**

*Abstract Composition, Flue, White, Yellow*

Kurt Schwitters, Unknown date

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नहुन अनुरोध छ।

# विषयसूची

*अभूमिका*

*भूमिका*

देउताको काम

गोरेटोको खोजीमा

तारापुञ्ज : अन्धाको ब्रेल !

एक पत्र : सम्पादकलाई

एब्स्ट्र्याक्ट चिन्तन : प्याज

पेन्डुलम–अस्सिलेसन–पेन्डुलम

साहित्य : आलुबखडा कि आउँ ?

सम्झनाको लयमा विलीन हुँदै...

हामी पाइताला हौं : फगत पाइताला

औपन्यासिक पात्र : जीवनको पृष्ठभूमिमा

# अभूमिका

आज आएर जीवनको लेखाजोखा गर्न मन लागिरहेछ। जतिजति बाँचिंदै जाइन्छ, उतिउति यो जटिल हुँदै जाँदो रहेछ। नलेखिएको स्लेट–पाटी बोकेर मानौं हामी जन्मिन्छौं र अक्षर कोर्ने मेट्ने, फेरिफेरि कोर्ने निरन्तर प्रयासमा त्यो स्लेटको स्वच्छता दिन पर–दिन अस्पष्ट हुँदै जान्छ। र अक्षर लेख्न सक्ने र अरूले पढ्न सक्ने अभ्यास आफ्नो हुँदा–नहुँदा स्लेट त यत्ति धमिलिंदो रहेछ, त्यसमा के लेखियो, त्यही नै हामी स्वयम् बुझ्न नसक्ने भइसक्ने बनिसक्ता रहेछौं। सबभन्दा प्रथम प्रश्न छ, जीवनको लेखाजोखा गर्ने नै किन? जन्मिनु र मर्नु नै यदि यसको मापदण्ड हो भने, के कति इन्ची वा सेन्टिमिटरमा के कति उपलब्धि भयो, त्यसको निरुपण गरेर फाइदा नै के छ र? आत्मसन्तुष्टि नै यसको परिपूर्ति हो भने त्यो प्राप्ति भएपछिका अन्य थप क्षण व्यर्थमा बाँचिएको रहेन? अप्राप्ति र त्यसको प्राप्तिको प्रयास नै यदि जीवनको मुख्य ध्येय हो भने जीवन के त एक सनातन र चिरन्तन यातना मात्र हो? र अप्राप्ति केको र प्राप्ति केको? धनको, धर्मको, इज्जतको? यी तीनवटै वस्तुको सूक्ष्म विश्लेषण गरियो भने अन्त्यमा केही अर्थ प्राप्त हुँदैन।

सायद जीवन साधारणपनाको पर्यायवाची हो। धन प्राप्ति गर्ने ऐतिहासिक अनेक विभूतिहरू आज रहेनन्, यिनका सन्तान साधारण व्यक्तिमै परिणत भएका छन्। धर्मकै कुरा गर्ने हो भने राम, कृष्ण, बुद्ध, क्राइस्ट, मुहम्मद आदि इत्यादिका सन्तान रहेनन्, धर्म उनले कल्पना गरेको रूपबाट निकै पृथक् भएर आज साधारणीकरण अपनाइसकेको छ। इज्जत? पनि त त्यही प्रक्रियामा परेर साधारणपनामा परिणत भइसकेको छ।

लाग्छ, यो कुनै लेख होइन, कुनै कथा होइन, कुनै उपन्यास होइन, न कुनै आत्मकथा नै हो! सबै अभिव्यक्तिका शैली हुन्, भन्न चाहेका कुराहरूको भनाइको छनोट! यसो हेरेमा भन्नु बाँकी नै छ के? कसकसले कति राम्ररी भनेर गएनन् र? र त्यो भनाइ टिक्यो के? सबै समयको गर्भमा साधारणपनामा परिणत भए। मैले यहाँ भन्न चाहेको वा भन्न नचाहेको कुरा पनि कालान्तरमा साधारणमय भई त्यही पनामा बदलिनेछ।

त्यसकारण म यसलाई अभनाइको अभूमिका भनूँ?

शङ्कर लामिछाने<br>
७ मङ्सिर २०३२<br>
पाटन

# भूमिका

यस सङ्कलनमा परेका रचनाहरूको सृजनकाल मेरो जीवनको साह्रै नै अव्यवस्थित काल थियो। व्यवसायको असामयिक र अचिन्तनीय परिवर्तन, रूप लिन खोजिरहेका जीवनका आर्जित दर्शनको आकस्मिक विस्फोट तथा उमेरको प्रौढता– यी सबले एकैपटक मउपर प्रहार गरे। ढाड भाँच्न एउटा मात्रै परिस्थिति पनि पर्याप्त हुन्छ, एक व्यक्तिलाई– म त झन् तीन बल्ड्याङ खान पुगें। चित्त परेर भुइँमा, मैले उठ्न खोजेको प्रयासमा लरखरिंदै लेखिएका यी रचनाले मलाई अर्कै गति दिए– शैलीमा, अभिव्यक्तिमा तथा आत्मविश्वासमा एक प्रकारले, नयाँ उखान भन्ने हो भने यी मेरा कालरात्रिका उज्ज्वल तारिका हुन्।

यिनैताक मैले अध्ययन पनि गरें, विभिन्न विषयका। वेद, दर्शन, इतिहास, साहित्य, कामकला, जेजे हात पऱ्यो, जेजे सहजसँग उपलब्ध भयो। केही बुझें, धेरै बुझिनँ होला। तर तिनले सामूहिकरूपमा एक कुराको बोध गराए मलाई। त्यो के भने नेपाली साहित्यका लागि प्रशस्त सम्भावना अझ उपलब्ध छन्। प्रशस्त विषय छन्, जो छोइएका छैनन् र पर्खिरहेछन् कलमको कोराइलाई। र भाषा हाम्रो यत्ति सुन्दर, मलिलो र मीठो छ– यसबाट के उपलब्धि गर्न सकिन्न र?

भाषाको कुरा उठ्यो तर म भाषाविद् होइन। मैले आफैँ पनि अङ्ग्रेजी, उर्दू, संस्कृतलाई प्रशस्त प्रयोग गरिदिएको छु। (किताबको नाम नै 'एब्स्ट्र्याक्ट' छ!) यसको उल्था अनेक किसिमबाट गर्न सकिन्छ तर पनि मूल शब्दको जुन मात्रिक झङ्कार छ, त्यसको आत्माका लागि मैले शब्दको हत्या गरिनँ। अमूर्तका रूप अमूर्त नै रहोस्! मेरा

एक–दुई शुभचिन्तक छन्। उनको गुनासो हुन्छ, प्रायशः मेरा रचनामा नेपाली माटोको गन्ध आउँदैन भन्ने। कुरा एक प्रकारले ठीक पनि हो। हाम्रो शिक्षाको माध्यम नै अहिलेसम्म व्यवस्थित भइसकेको छैन। हामीलाई आफ्नो देशको इतिहास, संस्कृति, ज्ञान र शिक्षा त विदेशी भाषाको माध्यमद्वारा मात्र उपलब्ध छ (भनौं, हाम्रो अनुहार हेर्न बेल्जियममा बनेको ऐना हेर्नुपर्छ!), त यस परिस्थितिमा कुनै एक प्रबुद्ध लेखक कसरी विश्वसाहित्यबाट अप्रभावित रहन सक्छ? फेरि आजको संसार विज्ञानबाट खुम्चिन गएको छ र हामी स्वयम् आफ्नै प्रयासले पनि अरूको नगिच हुने कोसिसमा छौं। नेपाल राणाकालीन अवस्थाझैं विश्वबाट एक्लिएर बस्न सक्तैन, न विश्वको अभिव्यक्तिबाट अलग्गिन। यस सन्दर्भमा मेरा कृतिहरूले यदि राष्ट्रिय सिमाना नाघेका छन् भने यसमा अफसोच मनाउने कुनै कुरा छैन। हुन सक्ला, कुनैकुनै लेखमा म विदेशी झल्किउँला तर मेरा सभ्य समालोचकले मलाई त्यस्तो प्रवासी ठाने हुन्छ, जो विदेशमा पनि नेपाली संस्कृतिको झन्डा बोकेर हिंडेको छ, लुगा उसले सुट नै लाएको किन नहोस्। म कुन कालमा जन्में, कुन कालमा हुर्कें र कुन कालमा प्रयोग गर्दै छु, त्यो बिर्सनु हुन्न, सच्चा साहित्यिकले।

मलाई लाग्छ, म सामयिक छैन! सामयिक हुनु असाहित्यिकपन अपनाउनु हो। आजको नेपालमा मान्छे सामयिक हुन सक्तैन। सय वर्षको प्रगति दश वर्षमा परिपूर्ण गर्ने सङ्कल्पमा हामी छौं। नेपालको यही जागरण अवस्थामा, यस ‘गाउँ फर्क’ आन्दोलनको सन्दर्भमा मलाई भन्न मन लाग्छ, हामीले विगत, गत र आगतको एउटा छिटो प्रक्रिया सहने दुस्साहस गरेका छौं। यस आन्दोलनको भविष्यमै हाम्रो भविष्य निर्भर छ!

यसभन्दा बढी केही भन्नु छैन।

भूमिका सदा भूमिका नै रहन्छ। वास्तविकता सदा समयको हातमा। समयलाई रिस उमार्ने दुस्साहस मेरो छैन।

त्यसकारण म यो पुस्तक समयलाई नै समर्पित गर्छु।

शङ्कर लामिछाने
१ मङ्सिर २०२४

# देउताको काम

“नानी, तिम्रो बा के काम गर्छ?”

“देउताको काम गर्छ।”

पाँच वर्षकी मेरी छोरीसँग उसकी मास्टरनीले गरेको प्रश्नको सहज उत्तर ऊ दिन्छे। जसलाई मेरा व्यक्तिगत जीवनको अलिकति पनि ज्ञान छैन र जो मेरा साहित्यद्वारा मात्र मलाई चिन्छन्, उनको मनमा भ्वाट्ट एउटा पुजारी अथवा एउटा पुरेतको रूप उम्रिन आउँछ होला। छोरीले असलमा, मेरो पसलमा अनेक भगवान्का अनेक मूर्ति देखेकी छ। उसलाई के थाहा, भगवान्को काम गर्नु र भगवान्को मूर्ति बेच्नुमा कति फरक छ।

बालककाल पनि अनौठो हुन्छ। त्यस बेलाको भावना बगिरहने पानीजत्तिकै निर्मल हुन्छ। उमेर तथा अनुभवहरूले यो हाम्रो बहाउलाई छेकिदिन्छन्। मलाई सम्झना आइरहेछ, मेरी छोरीकै उमेरमा मैले आमाको पैसा कन्तुरबाट झिकेर कीर्तनको आरतीको थालीमा ओइरिदिएको थिएँ। यो पनि कुरा हो (!), सबै जना सधैं थालीमा पैसा राख्छन्, आरतीउपर हत्केला सेकाउँछन् तथा प्यारसाथ आँखाउपर दल्छन्। मलाई भने कहिल्यै पैसा राख्ने अनुमति वा आदेश दिइएन, न मौका नै पर्न सक्यो। म मात्रै मान्छे होइन? आमाको बाकसबाट भएभरको पैसा झिकेर म ओइरिदिन्छु थालमा। त्यस बेला जो कीर्तनमध्ये एक्कासि निस्तब्धताको एक विस्फोट भयो, त्यो त्यत्तिकै चर्को थियो, जत्तिको मैले घरमा चुटाइ खाँदा निकालेको स्वर थियो।

र सायद अझ चर्को आर्तनाद मेरी आमाको मनमा गुन्जिरहेको थियो होला कैयन् समयसम्म, कम से कम मैले ओइरेको नोट र पैसाको क्षतिपूर्ति नभएसम्म। आज ईश्वरप्रति झल्काएको मेरो त्यो एक युग पुरानो श्रद्धाले के मलाई उनको मूर्ति बेचेर पाएको दुई पैसाको नाफाबाट जीवनयापन गर्ने व्यवसायप्रति क्षतिपूर्ति गर्दैन होला?

त्यस बेलाको गहनता अथवा विषमता म आज आमाको उमेर नाघिसकेपछि आँक्न सक्छु। क्षयरोगबाट पीडित पतिपरित्यक्ता एक मास्टरनी थिइन्, एक मिडिल स्कुलमा। पढाएर आउने पैसाबाट आफू र छोराको खाना, कपडा, पथ्य, उपचार र भवितव्यबाट जोगाइराखेको त्यो चल सम्पत्तिजति एकैपटक स्वाहा हुँदा...! के समस्या पर्न गयो होला उनको सामु! आफ्नो मृत्युको निमन्त्रणा प्रत्येक खकारमा आइरहेको बेला, पाँच वर्षको छोरो यो यत्रो भवसागर कसरी पार गर्ला भन्ने विचारबाट उनको मुटु चिमोटी खाइरहेको हुँदो हो। (जस्तो अहिले म कहिलेकाहीं चिमोटाइ पाउँछु!)

ईश्वर कतै छन् भने उनलाई मेरो उपहारभन्दा मेरी आमाको वेदनाबाट व्यथा भयो होला, यदि ईश्वरलाई वेदना र व्यथा भन्ने वस्तुले छुन्छ भने!

म जान्दछु, मेरी छोरीले भनेको कुरामा उसले जानेसम्मको सत्य छ। र सत्य भनेको के भने तिमीले जानेसम्मको ज्ञान हो, छोरी!

पहिलोपटक आमाले आफ्नो जुठो खान नदिंदा मेरो चित्त कस्तो दुखेको थियो! पहिलोपटक आमाले मेरो ओछ्यान फरक पारिदिंदा म कति रोएको थिएँ! (आज म जान्दछु, ती काममा मप्रति कत्रो ठूलो शुभेच्छा र ममता रहेछ उनको– अहिलेसम्म नत्र म बाँचिरहेको हुने थिएँ र?)

र अर्को कुरा, मेरी छोरी! सत्य भनेको विकसित हुँदै जाने, बदलिरहने कुरा हो। (कतै पढेको छु, प्रत्येकपटक पर्ने हिउँमा ६ कुने डिजाइन भए पनि, आजसम्मन् डिजाइन दोहोरिएको छैन।) प्रत्येकपटक सत्य उही भए पनि अलग हो। मैले पैसाको उपहार

चढाउँदा ईश्वर मेरा निमित्त अरूप थिए। आज मैले प्रत्येकपटक मूर्ति बेच्ता ईश्वर रूपवान् छन्। बेच्नुअगि म उनलाई किन्छु। कुन पिरियडको शैली हो, त्यो बुझ्ने प्रयास गर्छु। सौन्दर्यको नापखोज गर्छु। र गर्छु वर्णन। र तौलिन्छु उनलाई, भएको मुनाफामा। मेरा निमित्त बुद्ध सिर्फ बुद्ध रहेनन्, त्यो बुद्ध जसले ईश्वर छैन भन्ने धर्म निकाले र जो स्वयम् ईश्वरमा परिणत भए, जसले पञ्चशील बनाए र जो शिलामा बदलिए। बुद्धलाई अढाई इन्ची बुद्ध र नौ इन्ची बुद्ध र सोह्र इन्ची बुद्ध र भूमिस्पर्शमुद्रा बुद्ध र ब्रोन्ज बुद्ध र मुकुटधारी बुद्धको रूपमा मात्र चिन्छु। म बुद्धलाई किनेको मोल चौध र बेच्ने मोल बीसमा मात्र चिन्छु। र, मैले भनेका यी कुरामा असत्यता पटक्क छैन।

म जान्दिनँ, आजभन्दा बीस–पच्चीस वर्षपछि जब म समाप्त भइसकेको हुनेछु र जब आजको मेरो उमेरमा तिमी पुग्नेछौ, तिमीले पहिल्याएको सत्य कुन किसिमको हुनेछ! तिम्रा बच्चाले कुनै एउटा कुरा गरिदिंदा, मैले मेरो जीवनका घटना झल्याँस्स सम्झेजस्तै तिमीले आफ्ना जीवनका घटना सम्झनेछ्यौ, छैनौ। मलाई मेरी आमाको सम्झना आएजस्तै तिमीलाई यदाकदा तिम्रा पिताको सम्झना आउनेछ, छैन। तर यति कुराचाहिं पक्का हो– तिमीमा मेरो एक अंश मेरो अन्त्यपछि पनि बाँचिरहनेछ, त्यसरी नै जसरी ममा मेरा पूर्वजहरू निदाइरहेका छन् र कहिलेकाहीं म उनलाई झकझकाई ब्युँझाइदिन्छु र कहिलेकाहीं उनीहरू झकझकाई मलाई ब्युँझाइदिन्छन्। ...मलाई सम्झना आइरहेछ, आमाको डायरी मेरो हातमा परेको घटना– उनको मृत्युको दश–बाह्र वर्षपछि। त्यसको प्रत्येक पानामा समाधिस्थ प्रत्येक वाक्य र प्रत्येक शब्द जुरमुराएर ब्युँझे र वर्षौंअगाडिका आमाका व्यथा र वेदनाको कोसेली बोकी मभित्र वास लिन आइपुगे। र सायद उमारिदिए उत्तिकै तीव्रता, जत्ति उनले भोगेकी थिइन्। उनको लेखाइमा नौलो शैली वा टेक्निक वा अभिव्यञ्जना थियो–थिएन, आज म सम्झन सक्तिनँ तर आजसम्म सम्झिरहने एउटै गुण थियो त्यसमा– अनुभूतिको तीव्रता। उनले त्यो अरूका निमित्त लेखेकी होइनन्, त्यसकारण त्यसमा अनावश्यक व्याख्या थिएन! उनले त्यो मेरा निमित्त पनि लेखेकी होइनन्, कारण त्यसमा उपदेश पटक्क थिएन। (उनले त्यो किन लेखिन्, म बुझ्न सक्तिनँ। हुन सक्छ, त्यो आफूउपर परेको अन्याय विरूद्ध अरूप एवम् निराकार

भविष्यप्रति गरेको एक उजुर थियो! त्यसो हो भने त्यो एक महान् र सफल साहित्य–रचना थियो! साहित्यको नत्र अर्थ के?)

मैले त्यो डायरी जलाइदिएँ। कारण मभन्दा राम्रो पाठक त्यसको अरू थिएन र अरूको हातमा परेर त्यसको मर्यादा अपहेलित हुने मलाई डर भयो।

कहिलेकाहीं सोच्छु, डायरी नजलाएको भए पनि हुने थियो। यो कुरा त्यस्तै हो... मानौं कहिलेकाहीं मनमा भ्वाट्ट आउँछ, म काशीबाट काठमाडौं नआएको भए? "...भएको भए" भन्ने कुरामा धेरै सम्भावना छन्। मैले लेख्ने नगरेको भए? अनुभूति निश्चय पनि मर्ने थिएन– अभिव्यक्ति तिखारिने थिएन। र आफूले गरेको र अरूले आफूप्रति गरेको कैयन् कार्यको म नापजोख गर्ने थिइनँ होला।

जीवन एउटा थोक–व्यापार हुने थियो। र जीवनमा ससाना र मसिना घटनाहरू अनायास मूल्यवान् बनी आँखाको सामु देखापर्ने थिएनन्। म सफलता तथा असफलताको च्वाट्ट बैलेन्स–सिट निकाल्थें र प्रत्येक आर्थिक वर्षमा जीवन अर्कै हुने थियो।

यो सब भएन र पो!

यो सब गरिनँ (वा गर्न सकिनँ!) र पो!

आज, वाहियात कुराले पनि छुन्छ। अरूलाई गरिएको, अरूले जबाफ दिएको प्रश्नोत्तरले पनि छुन्छ।

र...!

यसरी छोइने भएर नै आस लाग्छ, स्पन्दन छ कताकता! कताकता केही धुकधुकी बाँकी छ सायद, यही छ 'देउताको काम' हो कि मभित्र शेष रहन गएको? जीवनप्रतिको

सच्चा चाहनाको यो ढुकढुकी... !

यसको जबाफ भविष्यले सायद भन्ला... !

# गोरेटोको खोजीमा

"तिम्रा पर्खालमै तिम्रो बाटो छ !"

यो कसको महान् वाणी ? नित्सेको ? अहिले ट्याक्क सम्झिन सकिनँ !

"बाटो नभएको ठाउँमै गोरेटो छ ।"

यो कसको महान् वाणी ? थाहा छैन !

"लेख्न असमर्थ भएकै बेला, लेख्ने प्रयास गर !"

यो कसको महान् वाणी ? थाहा छैन ।

तर अहिलेको क्षणमा म यो तीनै आयाममा सङ्कुचित भएको स्वयम्लाई अनुभव गर्दै छु । बाटो छैन, गोरेटो छैन, लेख्ने सामर्थ्य छैन !

***

मलाई सम्झना आइरहेछ, कसरी म प्रेमपत्रहरू पन्ध्र–बीस पेजको लेख्थें । न हात थाक्थ्यो, न मन ! र त्यत्ति लेखिसक्ता पनि लाग्थ्यो, अझ भन्ने कुरा व्यक्त भएको छैन !

र आज ?

व्यक्त गर्ने कुरा नै पाउँदिनँ ।

लाग्छ, के मेरो भण्डार रित्तियो? वा मेरो Sensitivity मा ठेला पऱ्यो? होइन, यी कुनै पनि कुरा होइनन्, म यथावत नै छ भन्ने धारणालाई कुम्लोझैं बोकी मेरो अन्तर्मन विद्रोह गर्न खोज्छ। म कलम हातमा लिन्छु र कामना गर्न थाल्छु, यसबाट उच्च साहित्य नै निस्कोस्!

यहीं, यस चाहनामै, मेरो कमजोरी छिपेको छ। के मैले नै ठेक्का लिएको छु, उच्च साहित्य लेख्ने? के अरूले उच्च लेखेको उच्च साहित्य होइन?

र उच्च साहित्य भनेको के हो?

अब, भो? शङ्कर लामिछाने परास्त हुन्छ।

कारण उसले आजसम्मन् उच्चताको परिभाषा बुझ्न सकेको छैन। सेक्सपियर टाइममा आफ्नी प्रेमिकालाई अर्कोले दृष्टिपात गरेको झझल्कोमै Dual लडिन्थ्यो। आजचाहिं स्वास्नीलाई अर्कोले हेरिदिंदा उसको दृष्टिमा फ्रायड देखा परे लोग्नेलाई भरेका लागि खुराक मिल्छ? यो दुई उच्चतामा, यी दुई महानतामा कत्तिको फरक छ? २००७ सालको क्रान्ति नभएको भए विजयबहादुर मल्लबाट 'कालो चश्मा' सृजना हुन सक्थ्यो? र, २००७ सालको क्रान्ति भइदिएको भए, अगिबाटै 'दोषी चश्मा' बन्थ्यो?

एउटाले पर्खालमा बाटो खोज्यो।

अर्कोले त्यसैमा गोरेटो पहिल्यायो।

***

र, मैले बाटो नपाउनुको अर्थ हो, मेरा लागि क्षितिज खुला छ। मेरा लागि अङ्कमालमा हात फैलिएको छ। आफ्नो सामर्थ्यभन्दा बढी प्रतिष्ठा पाएकाले नै आज म असहाय भएको छु। अब त, कस्तो हुन लाग्यो भने एउटा पङ्क्तिमै 'वाह, वाह', एउटा लेखमै

'वाह, वाह'! मानौं पाठकलाई मेरो सफलताको नशा लाग्यो, मानौं मेरो नामको Hyphotism वशीकरणले उनीहरूलाई पो छोयो।

र म? मचाहिं विदेशी साहित्य चोर्छु। विलियम सारोयान पढें, मेरो शैली परिमार्जित भयो। हेनरी मिलर पढें, लेख्ने कुरामा सत्यवादिताको पुट बढ्यो। एनास निन् पढें, गद्य काव्यात्मक रूपमा ढाल्न मन लाग्यो। सार्त्र र कामु पढें, शून्यवादको अध्ययन गर्न पुगें। जेम्स ज्वायस र वाल्डविन पढें, "के भो के भो, हिजोआज तिम्रै माया लाग्छ।"

***

शून्यवादले मलाई अन्यवादको भोक बढायो। साङ्ख्यदर्शनदेखि प्रज्ञापारमिता पनि पढ्न पुगें। पाएँ, सब माया हो। स्वयम्लाई छल्ने उपाय मात्र हो। ईश्वरले हुन सक्छ, सोखका लागि मानिस बनायो तर विडम्बना त के भने मानिसले पूजाका लागि ईश्वर बनाइदियो। सोखका लागि केही गर्नु र श्रद्धाका लागि केही गर्नुमा निकै अन्तर छ। सोखका लागि गरिएका कुरामा आनन्द हामीलाई स्वतः प्राप्त हुन्छ, श्रद्धाका लागि गरिएको कुरामा आनन्द Retailer बाट मात्र पुग्न आउँछ हामीकहाँसम्मन्।

***

यस कुराको बोध भएपछि सास फेर्दा पनि कफ अड्केजस्तो घ्यार्रघ्यार्र हुँदो रहेछ। त्यस अवस्थामा कसले भाषण गर्न सक्छ? कसले कविता गाउन सक्छ?

कसले कविता लेख्न सक्छ?

कसले गोरेटो पहिल्याउन सक्छ?

तर 'पर्खालमै तिम्रो बाटो छ!'

कसले भनेको हँ, यो? नित्सेले?

***

म जान्दिनँ, मैले लेखेको यो साहित्य भयो, भएन ! तर असलमा, साहित्यको परिभाषा नै मलाई थाहा छैन । साहित्य केका लागि ? जनताका लागि ? समाजका लागि ? धर्तीका लागि ? स्वयम्का लागि ? पैसा कमाउनका लागि ? प्रतिष्ठा कमाउनका लागि ? वा आफू मरेर कताकता हिंडिसकेपछि एउटा लाइब्रेरीका दराजबाट धूलोमा बेरिएर एउटा इच्छुकका आँखाका लागि ? वा कोर्सबुकका लागि ?

यिनै प्रश्नहरूका पर्खालमा म बाटो खोज्दै छु !

***

सोखका लागि साहित्य अँगालेको थिएँ, अब यो श्रद्धा हुन गयो । आफ्ना लागि लेख्न आरम्भ गरेको थिएँ– प्रेमपत्रबाट, हृदयको व्याकुलताबाट, विदेशी–देशी विद्वान्को प्रभाव जो परेको थियो आफूउपर, त्यसलाई देशवासीउपर दर्साउने अभिलाषाबाट, डायरीबाट, अनुभवबाट, 'वाहवाह'बाट र प्रतिष्ठाको लोभबाट ! आजचाहिं म अर्काका लागि लेख्तै छु (रूपरेखाका सम्पादकका लागि !), जनताका लागि ?, समाजका लागि ?, भविष्यका लागि ?, एक पाठिकाको अस्पष्ट अनुहारका लागि ? तर आज साहित्य मेरा लागि सोख रहेन । श्रद्धा हुन गयो । यसैको माध्यमद्वारा म 'बाँच्छ'ु कि भन्ने भावनाले घर बनायो मुटुमा ! (मानौं, रोजै पशुपतिनाथ धाइदिंदा, मोक्ष पाइन्छ कि भन्ने भावना !)

र, पर्खालको एक अर्को घेरा हो यो, जसमा म बाटो खोज्दै छु ।

र, जनताका लागि मैले जीवनमा कहिल्यै पनि लेखिनँ ।

आमालाई रिझाउन क ख ग लेखें ।

मास्टरलाई रिझाउन प्रबन्ध लेखें ।

प्रेमिकालाई रिझाउन प्रेमपत्र लेखें।

साहूलाई खुशी पार्न तमसुक लेखें।

जागिर बढाउन रिपोर्ट लेखें।

नाम कमाउन कथा लेखें।

प्रतिष्ठा कमाउन, भविष्यमा बाँच्न, यो गोरेटो लेख्तै छु।

र, प्रत्येक लाइन लेख्ता, मेरा आँखामा प्रबुद्ध अनुहार नै आए। यस्ता अनुहार जसलाई म रूचाउँछु वा जस्तो अनुहार वृद्धि होस् भन्ने कल्पना गर्छु। आमाको अनुहार, मास्टरको अनुहार, प्रेमिकाको अनुहार, साहूको अनुहार, जागिरको अनुहार, इज्जतको अनुहार, प्रतिष्ठाको अनुहार।

"हेर, हेर, कान्छा, बाख्री!" भन्ने अनुहार होइन, जो उत्तर दुई नम्बरबाट काठमाडौं ओर्लेर नयाँ सडकमा, नेपाल आर्ट एन्ड हैन्डिक्राफ्ट सेन्टरको सो–विन्डोमा राखेको सानो याक देखेर कराउँछ।

हो, ती जनता हुन्। र तिनलाई मैले माया नगरेको, घृणा गरेको होइन! (दैव जान्दछ, म अर्को जुनीमा यहीं जन्मूँ, यो मेरो आन्तरिक अभिलाषा छ!) तापनि म तिनका लागि साहित्य लेख्तिनँ। तिनका लागि लेखिएको कुरा शिक्षा–सामग्री हो, साहित्य होइन। (र शिक्षा–सामग्री मैले नलेखेको होइन र नछापेका पनि होइनन् र तिनको नामकरण 'हाम्रो साहित्य' नभएको पनि होइन!)

तथापि, म बालमुकुन्द र उत्तमका लागि लेख्छु, भूपी शेरचनका लागि लेख्छु, पारिजातका लागि लेख्छु, भीमदर्शन रोकाका लागि लेख्छु, कैयन् नजन्मिएका अनुहारका

लागि लेख्छु– यस्ता अनुहार, जो शून्यवाद बुझ्छन्, जो याक र भेडाको अन्तर थाहा पाउँछन्, जो होनोलुलु सम्मेलनको विश्वव्यापी प्रतिक्रिया अठोट गर्ने दुस्साहस राख्छन्।

मैले रचना गरेका साहित्यमा स्वदेशीपन छैन। त्यसमा अन्तर्राष्ट्रिय बीज अङ्कुरित भएको छ। त्यसमा सार्त्र र सारोयान, ज्वायस र जिल्ड, मिलर र मोराक, जेनेट र दजाइको वीर्य मिसिएको छ। त्यो वर्णशङ्कर हो। तापनि, म गर्वसाथ भन्ने साहस गर्छु त्यो नेपाली हो, कारण त्यो मेरो गर्भमा अङ्कुरित भएको छ।

र मेरो गर्भको रूप विश्वरूपको रूप हो।

त्यसमा करोडौं ओभम् छन्।

त्यसमा करोडौं स्पर्माटोजोआ छन्।

कहिले कसैको ओभम–शैलीसँग कसैको स्पर्म–विचार जोल्टिन पुग्छ। कहिले कसैको स्पर्म–शैलीसँग अर्कोको दर्शन ओभम्। यही गर्भको पाठेघर बीचमा म जन्मिने उपाय खोज्दै छु।

त्यही पर्खालभित्र मेरो ढोका छ।

त्यही बाटो नभएको अन्योलमा मेरो गोरेटो छ।

र त्यही गोरेटोमा मेरो भविष्यको राजमार्ग छ।

# तारापुञ्ज : अन्धाको ब्रेल !

यो, जसको अहिले नामकरण पनि भएको छैन र जो सायद कथा बन्छ कि, अथवा कविता, अथवा निबन्ध, अथवा प्रबन्ध– (जेसुकै बनोस्!), यो चीज जो म लेखिरहेछु– यो लेखिरहेछु कलमले र मेरो मनमा सम्झना आइरहेछ टाइपराइटरको। टाइपराइटर चीज राम्रो हो र त्यो प्रतीक हो सभ्यताको। र म सभ्य छु– कम से कम सभ्य बन्न खोज्छु र मेरो प्रयास नै उपलब्धिभन्दा कम महत्वपूर्ण कहाँ छ र? त, अक्षर छन् नि यी टाइपराइटरका, ती व्यक्तित्वपूर्ण छन्, सत्य छन्, कारण तिनको Impression जो कागजमा पर्छन्, तिनमा लेश मात्र फरक सम्भव छैन। र मलाई जो टाइपराइटर मन पर्छ, सायद त्यो मनपराइको अन्तरतम तथ्यचाहिं कहिल्यै नबदलिने इम्प्रेसनको एकरूपता होला। मेरो जो कहिले नबदलिने इम्प्रेसनको एकरूपताप्रतिको मोह छ, सायद त्यसको कारण होला, मेरो वरिपरि सबै थोक बदलिरहेछ र यो छिनछिनमा रूप फेर्ने हावाबाट म सायद निसासिएको छु र सायद त्यसैले प्राणहीन भए पनि अहिले मलाई त्यही टाइपराइटर चाहिएको छ– कम से कम सम्झनाका निमित्त र म सम्झिरहेछु, म टाइपराइटरको की–बोर्ड बनूँ र कसैले औंलाले मलाई च्वास्स घोचिदेओस् र त्यस घोचाइबाट मेरो व्यक्तित्व खत्र्याक्क उफ्रेर कागजमा पुगोस् र तोडसाथ उम्रिहालोस् एक अक्षरमा! मलाई विश्वास छ मेरा इम्प्रेसनहरू सत्य नै उम्रनेछन्, चाहे मलाई छोइदिने औंलाले असत्य र झूटको नै प्रचारमा अक्षरहरूको व्यवस्थाक्रम मिलाएको होओस्।

असलमा जे छ, व्यवस्थाक्रममै– अझ प्रस्टसँग भन्ने हो भने मर्यादा क्रममा। नत्र मेरा अक्षरको पनि एक सीमा छ र छ सीमा एक व्याकरणको पनि। त्यस सीमाभित्रकै त्यस स्यानो घरामा कैयन् प्रकारका असङ्ख्य व्यवस्थाक्रम छन् र अलिकति व्याकरणको

बोझ्ले त्यसका अर्थमा अनेक खेल उमार्न पाउँछन्। फेरि औंला कति छिटा चल्छन् र कागज यत्ति तहका हुन्छन्, म स्वयम् मेरा इम्प्रेसनहरूको महत्व बुझ्न पाउँदिनँ र पाना समाप्त हुन्छ। मेरो सास फेर्ने ठाउँ सिर्फ एउटै छ Space-bar (स्पेस बार), जसले अक्षरहरूको एक ग्रुपलाई अर्को ग्रुपबाट छुट्ट्याएको हुन्छ र त्यो छुट्ट्याइमा कागजमा कुनै इम्प्रेसन परेको हुँदैन र कागज अलिकति सरी मात्र दिएको हुन्छ र म एक निमेषलाई बितिसकेको इम्प्रेसनको रूप मात्र पाउँछु– तातोतातो। र मलाई लाग्छ, मेरा छापहरूमा, मेरा अक्षरहरूको यो व्यवस्थाक्रममा कति असत्य छपे होलान्, कति महान् उक्ति फुटे होलान्, कति सुख–दुःख, कति मोह–ममता, कति प्रेम–घृणा जन्मे होलान्। र मलाई भने निर्मित गरिएको छ। यस प्रकारले मेरा अक्षरहरूको केही सिलसिला छैन, सिर्फ उपयोगिताका ध्येयबाट बढी प्रयोग हुने बीचमा छन्– (जसलाई मूला चोर औंलाले बारबार घोच्न पावोस्!) र कम प्रयोग हुने त्यसकै वरिपरि एक घेरामा। यो सब निर्माणमा अनिश्चित एक निश्चितता छ– (मलाई बालकृष्ण समज्यूको सम्झना आयो, उहाँको नियमित आकस्मिकताको!) को मूर्खले भन्यो मलाई, टाइपराइटर इम्प्रेसनको एकरूपताका निमित्त मन पर्छ भनी? मलाई टाइपराइटर त यही अनिश्चितताकै निमित्त मन पर्छ। एउटा अन्योल, गज्याङगुजुङ, एउटा टर्रटर्र, ट्वाक्कट्वाक्क, टिन्नटिन, क्वार्रर्रर्र! यही त जीवन हो।

यही अन्योल त साहित्यमा उम्रिरहेछ, यही अन्योल त समाजमा उत्रिरहेछ। यही अन्योल इतिहासमा, धर्ममा राष्ट्रहरूमा, विश्वहरूमा प्रस्टसँग देखा परिरहेछ। यही अन्योल आकाशका ताराहरूमा –कुनचाहिंले हो कहाँ कुन्नि लेखेको छ, “ताराहरू अन्धाका निमित्त निर्मित ब्रेलीका अक्षर हुन्” रे! र मेरो भनाइचाहिं “टाइपराइटर दिव्यदृष्टिवाला नयन स्वामीका ब्रेली!”– छामिहेर, यो कागजमा परेका चोट सुमसुमाएर थाहा पाऊ, औंलाको चोटको तीव्रता! थाहा पाऊ, प्रत्येक ठोकरको उद्गम–स्रोत। थाहा पाउनै नसकिने त सिर्फ एउटै कुरा छ– जसले चोट हिर्काएको छ, त्यसका मनको तीव्रता र त्यसका औंलाका तीव्रतामा कत्तिको सामञ्जस्य छ! औंलाको प्रत्येक चोटले के मनको चोटको तीव्रता उत्तिकै मात्रामा ओसार्छ? –त्यसरी नै जसरी प्रत्येक शब्दले भावनाको

तीव्रता र वास्तविक अनुभव अवतरित गर्छ? आह! अवतरणमा मूलको रूप, मूलको सौन्दर्य, मूलको सत्यता रहन्छ र? अवतरणमा, जो शब्दको माध्यम छ, जो एक घेरा छ, के त्यसले अन्तर्द्वन्द्वीय र अनेक शक्तिका सङ्घर्षणयुक्त व्यक्तित्व पकडिन सक्छ र? भावनाको र अनुभवको जो जन्म हुन्छ एक चतुर्थ आयाममा, के अक्षर र शब्द र भाषाका दुई–आयामे माध्यमबाट ती डोऱ्याइन सक्छन् र? खै कुन्नि! मैले त अनुभव गरेको कुरा, व्यक्त गर्न चाहेको कुरा कहिले पनि व्यक्त गर्न सकिनँ– ती जहिले पनि पङ्गु भई जन्मेका छन्! र अङ्गभङ्ग भएको टेढो अस्पष्ट वस्तु मलाई मन पर्दैन। मलाई प्रस्ट, सोझा, सिलिक्क परेको, एकनासे... आह! त्यसैले त भनेको मलाई टाइपराइटर मन पर्छ।

मलाई मन नपर्ने त औंला हुन्, जसले त्यसका अक्षरलाई घोच्छन्, मलाई मन नपर्ने भाषा हुन्, जसले भावनालाई व्यक्त गर्नै सक्तैनन् (कम से कम भाषालाई त्यत्ति शक्तिवान् बनाउन सकियोस् त्यो, त्यो, त्यो कार्बन पेपर बनिदेओस्!), मलाई मन नपर्ने साहित्य हुन्, जसमा लेखक कविले वास्तविकता भन्न आँटेको र विकृत गरेको हुन्छ। र... वास्तविकता के भने संसार टाइपराइटर हो र टाइपिस्ट सिर्फ कम्पोजिटर हुन्छ, अनादि हुन्छ, जो टाइप गर्दागर्दै समाप्त हुन्छ!

यो मैले के भन्न खोजेको थिएँ र के भन्न पुगें। असलमा म भन्न चाहिरहेको थिएँ– “वास्तविकता के भने संसार टाइपराइटरजस्तै त्यान्द्रैत्यान्द्राले (कि आन्द्रैआन्द्राले?) भरिएको पेट हो र हामी त्यसलाई भने खोज्दाखोज्दै समाप्त हुन्छौं। टाइपराइटरप्रतिको यो मेरो मोह छ नि! त्यसको सच्चा कारण के भने त्यसमा आन्द्राको रिक्तता छ र छ भोजनको मिठास– र म अनेक प्रयास गर्छु, अनेक चोट दिन्छु र भाषा फुटाउन खोज्छु, साहित्य निर्माण गर्न खोज्छु– सिर्फ आन्द्रा रसाउन, सिर्फ अलि अरू बढी बाँच्न खोज्न! सिर्फ अझ आफूलाई अलमलाउन खोज्न! किनभने आजसम्म सब अलमल नै त गरिरहें। केही पनि नबुझ्ने अबुझ छु तर अनुहार यस्तो लाउँछु, मानौं म सब जान्दछु। नबुझेको बेला बुझेको अनुहार, बुझेको बेला नबुझेको अनुहार, अकलगुम भएको बेला

एकदम गाम्भीर्य र गम्भीरता चाहिएको बेला मुस्कानको चिप्लिने काई! जस्तै, म चाहिरहेथे आन्द्रा र भोकको सम्बन्धमा लेख लेख्न र लेख्न पुगें टाइपराइटरमाथि।

असलमा, टाइपराइटर मलाई पटक्कै मन पर्दैन, म त्यसलाई हृदयदेखि नै घृणा गर्छु (मलाई टाइपराइटर मन पर्छ भन्ने मान्छे, लेख्ने मान्छे, सुन्ने मान्छे र बुझ्ने मान्छे सबै एक नम्बरका मूर्ख हुन्!) असलमा मलाई अक्षरै मन पर्दैन, साहित्य नै मन पर्दैन! (सायद साहित्य मन पर्दैन भन्ने कुरा माथि कतै भनिसकें, भनिसकेर के त, म यसलाई फेरि दोहोऱ्याउन चाहन्छु।) साहित्यले के कहिले निर्माण गर्छ? साहित्यले के कहिले बच्चा पाउँछ?– त्यसरी नै जसरी आन्द्रा भरिएको बेला मानिसको पौरूष सगबगाउन थाल्छ र सन्तान उत्पत्तिको शक्ति आउँछ? साहित्य, कविता, सत्यम्, शिवम्, सुन्दरम्– यी के हुन्?– सब अक्षरका खेल मात्र हुन्, अक्षरको एक विशेष मर्यादाक्रम! आजको भोलि नै यिनलाई बदल्न सकिन्छ, यिनलाई म अहिले नै बदल्न सक्छु! (यो अर्को कुरा मेरो अवशेष रहन गएको सभ्यताले मलाई छेकोस्! सभ्यता? सभ्यता? सभ्यताभन्दा मलाई श्राद्ध–तर्पण गरेको सम्झना आउँछ– सभ्य आचमन! अपसभ्य आचमन! बस यताको जनै उता) म सब कुरा बदल्न सक्छु, मैले बदल्न नसक्ने, सायद कसैले पनि बदल्न नसक्ने एउटै कुरा छ– आन्द्रा! र आन्द्राको तेजबाट बारम्बार उम्रेर आउने सृष्टिको क्रिम!

म त्यसकारण यो लेखिरहेको चीजलाई आन्द्रा भन्ने नामकरण गर्छु। र यसैलाई म सत्यम्, शिवम्, सुन्दरम्को उपाधिले विभूषित गर्छु। यो मेरो निर्माण हो, यो मेरो उपज हो, यो मभित्र छ, यो मेरो आफ्नै सन्तान हो!

कि आन्द्राको सन्तान म हुँ?

मलाई थाहा छैन।

म केही पनि जान्दिनँ।

# एक पत्र : सम्पादकलाई

मणि दाजु,

तपाईंले भन्नुभएको छ, समाजको विशेषाङ्कका निमित्त म केही लेख दिऊँ– खास गरी पत्रकारिता र त्यो पनि 'समाज'कै समालोचना गरेर! करिब दुई घण्टादेखि समाजको मसँग भएको सङ्ग्रह पल्टाइरहें र सोचिरहें, क्यै त लेख्नैपर्‍यो। तपाईं एक मित्रको रूपमा मबाट चाहनुहुन्छ आफ्नो कलाकौशलको समीक्षा।

त, यो दुई घण्टा म सोचिरहें। र केही पनि सोच्न सकिनँ। कम से कम छाप्ने लायक त केही पनि सोच्न सकिनँ। तपाईं भन्नुहोला छाप्ने लायक छुट्ट्याउने अधिकार त सम्पादकमाथि पो छ। मेरो यहाँनिर 'छाप्ने लायक' भन्ने शब्द प्रयोगको अर्थचाहिं हो, त्यस्तो विषय, जो मानिसले पढ्न मन पराउँछ। अब तपाईंकै पत्रिका लिऊँ न। मृत्यु, दुर्घटना, असाधारण कष्ट, पीडा इत्यादि नै त हुन्, जसले त्यसमा प्रमुखता पाएका छन्। किन अर्काको कष्ट, दुर्घटना र मृत्युलाई मानिस पढ्न मन पराउँछ? (मन नपर्ने भए तपाईंको पत्रिका कहिले नै बन्द भै सक्थ्यो!)

म आजकल अनौठा पुस्तकहरू पढिरहेछु। स्टिफन ज्विगको 'द वर्ल्ड अफ यस्टर डे', अलबेयर कामुको 'मिथ अफ सिसिफस' र चित्तरञ्जन नेपालीको 'भीमसेन थापा र तत्कालीन नेपाल'। यसैबाट तपाईं बुझ्नुहुनेछ, म अलि अध्ययन गर्न खोजिरहेछु, मानिसको मृत्युपट्टिको भावना।

मृत्युको अध्ययन गर्नानिमित्त आरम्भ गर्ने बिन्दु हो जीवन। कारण मृत्युको जन्म जीवनको जन्मसाथै भएको हुन्छ। त्यो क्षण जब म जन्में, त्यही क्षण नै मेरो मृत्युको प्रथम क्षण, प्रथम पाइलो थियो, होइन त? त आज जीवनकै कुरा गरौं र मृत्युलाई चिन्ने प्रयास गरौं।

म अहिले पसलमा बसिरहेछु। पानी परिरहेछ, झमझम। भर्खरै राजदूतहरू र मन्त्रीहरूको मोटरको ताँती फर्क्यो– नरप्रताप थापाको शोकसभा थियो रे रञ्जनामा...!

सडकपारिपट्टि एउटा माग्नेजस्तो मानिस गणेशथानको देवलको चौतारामा बसेर लँगौटीमा अलमलिएको जुम्रा मारिरहेछ। एउटा मानिस, म त्यसलाई चिन्छु तर नाम जान्दिनँ, जो दिनभरि त खसीबोका बेची हिंड्छ, अहिले भजन अलाप्तै गणेशजीकहाँ गइरहेछ, हातमा उसको थाली छ, चन्दन, अक्षता र फूलअबिरले भरेको। एउटा कुकुर आङ चिलाएकाले पेटीको भित्तामा आङ घस्रिरहेछ। एउटी कैली गाई गइन्, कसैले उनको निधारमा पूजा गरेको छ। केटीहरू छाता ओढेर किताब च्यापी गइरहेछन्। एउटा केटो बर्साती ओढी स्कुल जान बस पर्खिरहेछ। एउटा मानिस पिउनबुकमा खातामा खात चिठी च्यापेर दोबाटोमा –कता नै जाऊँ पहिले– को भावमा अलमलिरहेछ।

र, मलाई एउटा लेख लेख्नु छ। यस्तो लेख, जसले नेपाली साहित्यको उत्थान गरोस्, यस्तो लेख, जसले मणि दाजुको 'समाज'को स्तर नगिराओस्, यस्तो लेख जुन पढ्दा नेपाली जनता रमाऊन्। तर मणि दाजु, म अलमलिरहेछु, मेरो मन स्थिर छैन, सबै कुरा जो आँखाअगाडि घटिरहेछन्, तिनलाई म हेरिरहेछु र बुझ्न नसक्नेछु।

म बुझ्दिनँ त्यो जुम्रा जन्म्यो नै किन, जब उसलाई लँगौटीकै कापमा दुइटा औंलाका नङले पिसिएर मर्नु थियो? त्यो मानिस किन गणेशको पूजा पनि गर्छ र खसी–बोकाको ज्यान पनि लिन्छ? त्यो कुकुर लुतो भएर मर्ने नै तर्जुमामा छ भने किन भुकी टोपल्छ? मानिस गाईलाई पूजा गर्छ भने उसको बाछीको भाग खोसेर किन दूध खान्छ फेरि? त्यो तरुनी केटी, जो अग्रवालको थ्योरी अफ इकोनोमिक्स बोकेर कलेज जाँदै छे, किन त्यो

पढ्छे, जब उसलाई विधवा हुनुपर्नेछ, सायद पोइल जानुपर्नेछ, सायद वेश्यावृत्ति अपनाउनुपर्नेछ... सायद त्यो बच्चा केको आशामा अरूको छपेका विश्वासहरू बोकेर स्कुल जाँदै छ, जब एक दिन उसलाई रानीपोखरीमा डुब्नु नै छ, व्यर्थ बनी, बेकार बनी, दुई–तीन छोराछोरीको पिता र एउटी स्वास्नीको पोइ र कैयन् अरू केटाहरूको प्रतिस्पर्धी बनेर? त्यो पिउन किन ओसारिरहेछ खामबन्दी चिठीहरू, जब उसलाई थाहा छैन पत्रमा के छन्? कसैको खोसुवा–पुर्जी, कसैको विवाहको निमन्त्रण, कसैको मृत्युको समाचार?

बुझ्नु भो मणि दाजु, यी जम्मै चरित्र तपाईंका पत्रिकामा स्थान पाउन सक्ने पात्रका हुन्। ती आज भाद्र ३, २०१९ साल बिहान दश बजे मेरा निमित्त बनेका हेडलाइनहरू हुन्। यिनको महत्व, तर तपाईंलाई छैन, कारण ती अझै जीवनमा छन्, अहिले केही गरी ती भाक्लाकभुक्लुक सडकमा मरून् या रानीपोखरीमा हामफालून् या मोटरले किल्चिऊन्, तपाईं भातको गाँस छाडेर प्रेसतिर भाग्नुहुनेछ। तपाईंको कलम कागजमा दौडिनेछ, तपाईंको कम्पोजिटरले औंलामा चाल्नेछ, तपाईंको ट्रेडलले काम पाउनेछ, पत्रिका छप्नेछ र बिक्नेछ पाँच पैसामा।

ढ्याक्क...! ढ्याक्क...! ढ्याक्क...! ढ्याक्क...!

प्रत्येकपल्ट एक इम्प्रेसन र छ मृत्यु। यो यत्तिका जनाको– जुम्रा, पुजारी, कुकुर, केटी, केटा र पिउन ६ जनाको जीवनको मूल्य सिर्फ पाँच पैसामा बिक्नेछ? यिनको मृत्युको समाचार बोकेर अखबारका पानाहरू छापिनेछन्, सड्नेछन्, बिलाउनेछन्, खतम हुनेछन्।

मणि दाजु, के कहिले यस्तो हुन सक्तैन, तपाईं अखबारमा जन्मको मात्र खबर छाप्नुहोस्? के यस्तो हुन सक्तैन? तपाईं भीमसेन थापाको आत्महत्याको कारण छाप्न सक्नुहोस्? के यस्तो हुँदैन, कहिले त साँढे र वर्षाको सम्पादकीय त्यागेर तपाईं आफ्नो सच्चा कथन भन्न सक्नुहोस्? के यस्तो हुन सक्तैन, कहिले आफैँलाई चिरेर आफ्नो महत्व छाप्नुहोस्?

तपाईं आज सोच्नुहुँदो हो– पत्रिका चलाएर तपाईं देश र जनताको सेवा गर्दै हुनुहुन्छ। तपाईं भन्ठान्नु हुँदो हो, नेपाली इतिहासमा तपाईंको स्थान छ, सदा रहिरहनेछ, तपाईंको देन पत्रकारिता जगत्ले कहिल्यै पनि भुल्न सक्ने छैन होला। मूर्ख दाजु– बेकार हो! तपाईंको नाम अखबारले त्यहाँ छापेको छ सधैं, जहाँ समाचारलाई एक कालो धर्काले तपाईंबाट सीमारेखा छुट्ट्याएको हुन्छ। थाहा छ तपाईंलाई, तपाईंको अखबारले रोजै कति कसिङ्गर र गुहु झ्यालबाट चोकमा मिल्काउँछ? थाहा छ तपाईंलाई...? थाहा छ तपाईंलाई...? थाहा छ तपाईंलाई? तपाईंलाई केही थाहा छैन। तपाईंलाई किन साँढेमाथि सम्पादकीय लेखें भन्ने पनि थाहा छैन। तपाईंलाई किन भीमसेन थापामाथि सम्पादकीय लेखिनँ भन्ने पनि थाहा छैन, तपाईंलाई किन सम्पादकीय लेख्छु भन्ने थाहा छैन, तपाईंलाई किन सम्पादकीय लेख्तिनँ भन्ने पनि थाहा छैन।

अझ, मणि दाजु, तपाईं किन सम्पादक हुनुभयो– त्यो पनि थाहा छैन तपाईंलाई, तपाईं सम्पादक नभए के हुनुहुन्थ्यो, त्यो पनि थाहा छैन तपाईंलाई।

तपाईंको पत्रिका त उः त्यो माग्नेको लँगौटी हो, जसका कापमा रोज ट्रेडलका औंलाले जुम्रा मारिरहेछन्। म सायद त्यो लुत्याहा कुकुर हुँ, तपाईं सायद निधारमा टीका लाएको त्यो गाई हो अथवा तपाईं कुकुर हो, म गाई हुँ। अथवा म जुम्रा, तपाईं नङ्ग्रा अथवा तपाईं पुजारी, म बोका अथवा तपाईं पिउन, म चिठी अथवा तपाईं केटी, म केटा। तपाईं जे पनि हो, म जे पनि हुँ।

तपाईं र म जन्मिनुअगि यसो सोचिहेर्नुस् त, कत्ति आशा र विश्वास र हिम्मत संसारमा जन्म्यो। खै, त्यो आज खै? तपाईं र म जन्मिनुअगि कति शहीद र कति गद्दार जन्मे, खै ती आज खै? अमरसिंहबारेको सत्य के? इतिहासको तथ्य खै? सत्य खै, सत्यको सत्य खै? आज तपाईं भन्न सक्नुहुन्छ, इतिहासमा कहाँनिर कल्पना शुरु भएको छ, कहाँ वास्तविकता हराएको छ? भन्न सक्नुहुन्छ, तपाईंको अखबारमा छापेका आत्महत्याका खबरको वास्तविकता के थियो? किन रामेचा या कृष्णचा या कखचाले आफूलाई

मार्नुअगि छोराछोरीलाई र स्वास्नीलाई मार्‍यो? भन्न सक्नुहुन्छ, के त्यस्तो कारण थियो, जसले ती मरे?

मणि दाजु, बेकार छ। हामी सदा नै आफूलाई छोप्न खोज्छौं। हामी अर्काको मृत्युको समाचारबाट आफ्नो मृत्युको समाचार छोप्न खोज्छौं। हामी अर्काको विश्वास पढेर आफ्नो विश्वास छोप्न खोज्छौं। हामी आफ्नो मनको सत्य कुरा श्रद्धाले छोप्न खोज्छौं। म जो ईश्वरको कल्पना गर्छु, त्यसको पूजा गर्छ, म आफ्नो औंलामा लागेको बोकाको रगतको रङलाई अबिरले छोप्न खोज्छु। तपाईं जो साँढेमाथि सम्पादकीय लेख्नुहुन्छ, आफू गाई भएको छोप्न खोज्नुहुन्छ। मणिराज उपाध्यायलाई सम्पादक मणिराज उपाध्यायले छोपिरहेछ। शङ्कर लामिछानेलाई पति, पिता, व्यापारी शङ्कर लामिछानेले छोपिरहेछ। तपाईं आत्महत्या गर्दै हुनुहुन्छ, म आत्महत्या गर्दै छु। तपाईं र म नमरीकन के खबरलायकका हुँदैनौं? हाम्रो आत्महत्याको प्रोसेस के यत्ति महत्वहीन छ, हामी स्वयम् त्यसबारे सोच्न, लेख्न पनि चाहन्नौं? यो सोचाइलाई छोप्नु नै हाम्रो जीवन हो त?

मणि दाजु, यस मनोस्थितिमा म कसरी लेख लेख्न सक्छु? कसरी म साहित्यको सृजन गर्न सक्छु, कसरी म नेपाल आमाको सेवा गर्न सक्छु? कसरी म राष्ट्रियताको नारा लगाउन सक्छु?– जब मेरो नारा, मेरो भविष्य, मेरो भाग्य, मेरो विश्वास, मेरो खोसुवा–पुर्जी, मेरो प्रमोसन, मेरो निमन्त्रण, मेरो मृत्यु खामबन्दी छ? जब एउटा पिउनले त्यसलाई ओसारिरहेछ, एउटा यस्तो पिउन जसलाई खामबन्दी चिठीको मजबुन थाहा छैन।

भो, मणि दाजु, विशेषाङ्क निकाल्ने आवश्यकता नै के छ र? तपाईंले विशेषाङ्क निकाल्ने अठोट नै गर्नुभएको छ भने म के भन्न सक्छु र! यत्ति हो– यसपटक म लेख दिन असमर्थ छु। सायद अर्कोपटक तपाईंको पत्रिकाको हेडलाइनमा आउनबाट उम्किएँ भने– सायद अर्को वर्ष।

कृपया पत्र पढेर तुरुन्तै च्यातिदिनुहोला।

*तपाईंको भाइ,*
*शङ्कर लामिछाने*

# एब्स्ट्र्याक्ट चिन्तन : प्याज

हिजो साँझ बाङ्देलजीलाई नयाँ सडकमा भेटें। भन्नुहुन्थ्यो, "शङ्करजी, तपाईंको लेख, त्यो लेख, 'शङ्कर लामिछाने शङ्कर लामिछानेको दृष्टिमा' पढें।"

"कस्तो लाग्यो?"

"मजाको छ। अलि रियलिस्ट छ, अब एउटा एब्स्ट्र्याक्ट पनि लेख्नुस् न!"

"एब्स्ट्र्याक्ट पेन्ट गर्ने त तपाईंको काम! म कहाँ पेन्टिङतिर जाऊँ अब!"

"होइन, पेन–पिक्चरमा एब्स्ट्र्याक्ट शैली प्रयोग गर्नुस् न!"

म हाँसिरहें। (हाँस्न जान्नु पनि ठूलो कला हो! मानिसको उमेरमा विकास हुनासाथै उसको हाँसोको कलामा अनेक रङ चढ्न थाल्छन्।) हाँसेर मैले बाङ्देलजीलाई बिदा दिएँ र कुरालाई पन्छाएँ पनि।

'व्यथित'जीको हातमा 'हिमानी'को कभर–डिजाइन थियो। देख्नासाथ बुझिन्थ्यो, बाङ्देलको बुरुस हो। त्यसरी नै जसरी 'हिमानी' नाम सुन्नासाथ 'व्यथित'को कलमको सम्झना आउँछ। भन्नुहुन्थ्यो, "तपाईंजस्तो कलम चल्ने मान्छे, एउटा कथा एक–दुई दिनमा लेखेर दिनुस् न! म विदेश जाँदै छु यसलाई छपाउन– विजयादशमीको साइतमा झिक्ने।"

म हाँसिरहें। (हाँस्न जान्नु पनि ठूलो कला हो! कुन मानिससँग कसरी हाँस्नुपर्छ, त्यो जानिएन भने रोएको बराबर दुःख पाइन्छ।) हाँसेर मैले 'व्यथित'जीलाई बिदा दिएँ र कुरालाई पन्छाउन खोजें पनि!

तर, मनबाट न व्यथित गए, न बाङ्देल, न हिमानी, न एब्स्ट्रयाक्ट! मन पनि कमालको वस्तु हो –त्यसमा कुरा पसेपछि निकाल्न गाह्रो छ– निकाल्न खोज्यो, आफ्नो व्यक्तित्व र कुराको स्वयम्को व्यक्तित्वमा सङ्घर्ष भइदिन्छ। मनबाट, फेरि त्यही कुरा पसेकै रूपमा किमार्थ निस्कँदैन– त्यसले काँचुली फेरिसकेको हुन्छ! मैले मन पल्टाउन थालें, हेरिहालूँ, यसमा खेलिरहने कुरा पनि कत्ति छ!

'व्यथित'जी! कृष्णले मुख खोलेर यशोदालाई विश्वरूप देखाएका थिए। तपाईं आज मेरो विश्वरूप हेर्नुहोस्– मेरो मनमा के छ? तर, पहिले म तपाईंलाई एउटा कुराको सम्झना दिइहालूँ। म बीसौं शताब्दीको (अङ्ग्रेजी!) एउटा बुद्धिजीवी हुँ। मध्यवित्त परिवारको, विवाहित, केटाकेटीको बाबु, तरुनो, स्वस्थ, निर्माणको भावनामा दत्तचित, सोझो नागरिक! र म चिन्तित छु, मेरा अनेक समस्या छन्।

सबभन्दा ठूलो समस्या हो– म दश–गजा जमिनमा उभिएको छु। एकातिरको सिमानामा मेरा पुर्खाको विश्वास छ, एकातिरको सिमानामा मेरा सन्तानको विश्वास! म स्पुतनिकको उडानमा खुशी पनि हुन्छु– चन्द्रमाको धूलोमा रुसको हँसिया–हतौडा अङ्कित चिह्न उतारेको सुन्दा मलाई यस्तो गौरव अनुभव हुन्छ, मानौं हँसिया–हतौडा मेरै घरबाट ख्रुस्चेभले मागेर लगेका थिए। र अर्कोतिर, चन्द्रमामा ग्रहण लागेको बेला पेटमा कुनै गर्भिणीले छोइदिन्छ कि भन्ने म पीर पनि मान्छु– च्यामेपोडेलाई दान पनि दिन्छु, मानौं महाराज मनु मेरा लामिछाने परिवारकै बाजे हुन्। म समाचारका निमित्त अखबारहरू, गोरखापत्रदेखि लिएर टाइम्स् र न्युज विक्लीदेखि लिएर फिल्मफेयर र रोमान्स पनि पढ्छु। मलाई प्रत्येक खबरमा एक विश्वास सँगाल्नुपर्छ, परिरहेको छ। म्यारिलिन मनरोको आत्महत्या र एलिजाबेथ टेलरको नयाँ प्रेमको समस्या पनि मेरो मनमा छ! मेरो मनमा ड्याग ह्यामरसोल्डको मृत्यु, यु. एन. ओ. का कार्यबाही, उ. थान्ट, अमेरिका र

रुसको शीतयुद्ध, लाओस, सुएज, गलवान भ्याली, काश्मीर, मलाया, इरियन सिलोन... सब समस्या मेरा मनमा छन्। हेनरी मिलरको 'ट्रपिक अफ क्यान्सर' पढें, अब 'क्याप्रिकर्न' कहाँ पाउने? सर विन्स्टन चर्चिलको तिघ्रा भाँच्चियो, बन्छ कि बन्दैन? यु. एन. ओ. मा नेपालले के भन्ला? कङ्गोले कतापट्टिबाट भोट बढ्ता पाउला? छोरालाई टाइफाइड भएको निको भयो, आज अब मासु पाइने हो कि होइन, एकादशी आजभोलि दुवै दिन रे, एक वैज्ञानिकले घाँसबाट दूध निकाल्ने प्रयोग सफलतासाथ गरे, अराष्ट्रिय तत्वले सिमानाभित्र पसी फलानोलाई गोली हान्यो, फ्रान्सका राष्ट्रपति हत्या गर्ने प्रयास गरियो, एल्जेरियाको समस्या कसरी सुल्भने हो, अलबेयर कामु पनि त एल्जेरियाकै हो, उसको आजकल 'मिथ अफ सिसफस' पढ्दै छु, टेलिभिजनको प्रसारण टेल्सटरले युरोपमा उपलब्ध गरायो, पारि खेतमा ज्यापू मऱ्यो, मलाई 'जा–नए–धूनला–बाज्या' भन्थ्यो, त्यसको छोराछोरी छैन, बाङ्देलको पनि त छोराछोरी छैन, एब्स्ट्रयाक्ट चित्रण गर भन्छ, हिमानीको कभरजस्तो, 'व्यथित'को भाषाजस्तो...।

यस्ता असङ्गत अनेक विचारका सिमानाको बीचमा मैले आफ्नो व्यक्तित्वको दशगजे किनारा राखेको छु। भन्ठान, ओ 'व्यथित'हरू र बाङ्देलहरू, मेरो जीवन नै एउटा एब्स्ट्रयाक्ट जीवन हो, यसबाट त म रोज पन्छिरहेछु, रोज यसलाई पन्छाइरहेछु। रोज मेरो प्रातःकाल 'तरकारी किन्न पैसा चाहियो'बाट प्रारम्भ हुन्छ, रोज मेरो मध्याह्न पैसा आउने बाटो खोज्नमा खर्च हुन्छ, रोज मेरो सन्ध्या 'अलि बढ्ता थाकेर आएछु'मा समाप्त हुन्छ। रोज मेरो परिचित कतै मर्छन्, तिनको मृत्यु भुल्नुमा अलिकति समय खर्च हुन्छ। रोज अलि इतिहास सम्भिन्छु, रोज अलि भविष्यको रेखाङ्कन गर्छु, रोज अलि वर्तमानको मूल्याङ्कन गर्छु,। रोज मोल–मोलाइ, खरिद–बिक्री, बन्धक–ब्याज गर्छु– आफ्ना आस्थाको, आफ्ना विश्वासको, आफ्ना इच्छा–आकांक्षाको। 'आज ल्याएको मासु, नोकरलाई सुकुचाले ठगेछ, जम्मै हाडैहाड', 'आजको दूध एकदम पातलो', 'दाउरा कत्ति चिसो, कत्ति महँगो'– यिनै सब कुराको घेरा छ, जो गृहिणीले, बच्चाले, भान्छेले उद्गार भनी मेरै मनमा पोख्छन्। यसभन्दा बाहेक अरू उद्गार छन्, जो म स्वयम् आफ्नो मनमा कोचिटोपल्छु– आजको पार्लियामेन्टमा नेहरूले यसो भन्यो, त्यसमा कति सत्य होला!

ख्रुस्चेभले बर्लिनबारे चालेको यो नयाँ कदमले संसारमा के असर पर्ला? विश्वयुद्ध भयो भने कहाँबाट शुरु होला? थ्यालिडोमाइड औषधिले कति बच्चाको जीवन अन्धकारमय हुने हो? आह! एल्फ्रेड नायस कहाँ मर्न पुगेछ? तर उसको पहाडमै मर्ने इच्छा थियो रे!

बाङ्देलजी! कुनचाहिं मानिसको जीवन एब्स्ट्र्याक्ट छैन? कुनचाहिं मानिसको जीवन घृणित छैन– कम से कम उसको मौनताले आफ्नो दुर्गन्ध नढाकुन्जेल? कुन मानिसको भावना घृणित छैन, कम से कम मुस्कानका तरेलीले त्यसलाई नपुरुन्जेल? कुन मानिसको मनमा लोभ छैन– कम से कम नाराले त्यसलाई नमारुन्जेल? ‘व्यथित’जी! ती सतयुगे ऋषिमुनिहरूको जमाना छैन अब! अब त प्रत्येक जागरुक मान्छेको मस्तिष्क कृष्णको विराट् रूपभन्दा कम छैन!

आजको प्रत्येक मान्छे एक भगवान् हो। यस्तो भगवान्, जसले आफ्नो संसार स्वयम् निर्माण गरेको हुन्छ– छलले, कपटले, धोखाले, हत्याले, ऐनले, गैरजिम्मेदारीले, अन्धविश्वासले, भक्तिले, श्रद्धाले, मुर्ख्याईंले। आजको भगवान् फेरि धर्ममा घेरिएको पनि त हुँदैन, उसले आफ्नो प्रतिद्वन्द्वी क्राइस्ट र मोहम्मद र बुद्धमा पनि आउँछ। फेरि आज भगवान् अलि डिप्लोमेट पनि छ– पुरेतजस्तै! ‘...यसो गर्न त कसो नहोला, पुरेतजी? –ज्यू हुन्छ’ ...जस्तो। आजको भगवान् फेरि अनीश्वरवादी पनि छ– बुद्धजस्तै। र आजको भगवान्लाई मानिसले कन्ट्रोल गरेको छ– बर्थ कन्ट्रोलजस्तै। भगवान् चाहियो, हाजिर छन्, भगवान् चाहिएन, गायब छन्! जति मात्रामा चाहियो, उत्ति मात्रमा आउँछन्। कविताको निम्ति चाहियो, छन्दबद्ध भई हाजिर, स्तुतिका निमित्त चाहियो, कोष भई हाजिर– चाकरीका निमित्त चाहियो, इन्साइक्लोपीडिया भई हाजिर– ‘गरीबपरवर (उर्दूमा!), करूणानिधान (संस्कृतमा!), ख्वामित् (शुद्ध भानुभक्ते नेपालीमा!) अँ! भन्दै थिएँ, आजको मानिस स्वयम् भगवान् बनिसक्यो, उसमा ती सब गुण व्याप्त छन्, जो एक ईश्वरमा हुनुपर्छ– सिर्फ एक गुण आजको मानिसले हराएको छ र त्यो हो मानिसको

गुण! त्यो सच्चा मानिस जो सिर्फ छ र मरुन्जेल मानिस नै भइरहन्छ र मानिसकै रूपमा मर्छ।

आजको मनुष्यत्व हराएको तर भगवान् हुन नसकेको मानिस खोज्नुपर्ने भए 'व्यथित'जी र बाङ्देलजी! मकहाँ आउनुहोस्। मभन्दा ठूलो अमानवीय अरू मानिस तपाईं पाउन सक्नुहुनेछैन र अरूले स्वयम् मजस्तो आफ्नै परिचय पनि दिनेछैन! के गरूँ 'व्यथित'जी! मैले आक्रोशमा आफूलाई अमानवीय भनेको होइन। म, हेर्नुस् न, हिन्दू, सबै भगवान् त मन पराउँछु नै, मलाई कसोकसो क्राइस्ट र बुद्ध र मुहम्मद पनि मन पर्छन्। मलाई ईश्वरउपरका सबै प्रकारका आस्था र उसका नाममा भएका सबै प्रकारका अत्याचारहरू पनि मन पर्छन्। ती नभएका भए– ती क्रुसेडहरू, ती शङ्कराचार्यका हमालाहरू, ती अशोकका धर्मदूतका विजय यात्राहरू, ती तुगलक शाहका जेहादहरू– ती सब नभएका भए आज 'व्यथित'हरू हिन्दू, बाङ्देलहरू इसाई तथा शङ्करहरू मुसलमान कसरी हुन्थे, म सबैमा विश्वास गर्ने र कुनैमा पनि श्रद्धा नगर्ने हुन सक्थें। कसरी म 'अहम् ब्रह्मऽस्मि' भन्न सक्थें, जब मलाई आफूउपर विश्वास नभई अरूउपर हुँदो हो।

म त आजको मान्छे होइन, 'व्यथित'जी! म एक हजार वर्षपछि जन्मिने पृथ्वीको मान्छे हुँ। मेरो जन्मकालमा राष्ट्रका परिधिहरू, विश्वासका परिधिहरू, धर्मका परिधिहरू राजनीतिका परिधिहरू, केही पनि हुनेछैनन्।

आज जो म दश–गजामा उभिएको छु, त्यसको कारण अब भनिदिऊँ, तपाईंहरूलाई। म चाहन्नँ तपाईंहरूको घेरामा आफूलाई पार्न। म चाहन्नँ तपाईंको रङमा डुब्की लगाऊँ। सिमाना नाघेपछि त मैले नागरिकता लिनैपर्छ– यस कारण म अनागरिक। म स्वयम् एक सिमाना हुँ, जसले वर्तमानलाई भूतबाट र भूतलाई भविष्यबाट अलग गरेको छ।

तपाईंले सिमाना देखेकै होला! दश–गजाको बीचमा एक पञ्चमुखी लिङ्ग अज्ञात रूपबाट निर्मित– जसलाई कसैले बेलपत्र चढाउँदैन। तर, जसलाई सार्न पऱ्यो अथवा हटाउनुपऱ्यो भने बलि चढाउनुपर्छ, अनेकका रगतको। यो सिमानाको रङ के हो,

बाङ्देलजी! सेतो? (जस्तो लट्ठामा हुन्छ!) खैरो? (जस्तो माटोमा हुन्छ!)– रातो? (जस्तो मानचित्रमा हुन्छ!)– बग्ने? (जस्तो नदीनालामा हुन्छ!)– अदृश्य? (जस्तो हिमालका टाकुरामा हुन्छ!) यी सिमाना रेखालाई, तपाईं बाङ्देलजी! यदि एब्स्ट्र्याक्ट चित्रण गर्न सक्नुहुन्छ भने म पनि मेरो मनलाई एब्स्ट्र्याक्ट चित्रण गर्न सक्छु।

तपाईंले त्यो नगरुन्जेल र नसकुन्जेल म पनि अव्यक्त रहन चाहन्छु। मैले आफूलाई आज एब्स्ट्र्याक्ट चित्रण गरें भने त्यसलाई बुझ्न फेरि पेरिसको वातावरणमा सास फेर्नुपर्नेछ। मेरो एब्स्ट्र्याक्ट चित्रण पढ्नलाई तपाईंलाई फेरि 'एक दिन' घोक्नुपर्नेछ।

यसकारण म हाँसिदिन्छु।

यसकारण मेरो हाँसोमा विभिन्नता छ। एउटा 'व्यथित'लाई, अर्को बाङ्देललाई, अर्को मेरो छोरालाई।

यसकारण म बाँचिरहेछु किनभने मैले आजसम्म, अरूलाई र आफूलाई नै रियलिस्ट चित्रण गरेको छु।

रियलिस्ट चित्रणमा त, म एउटा प्याज हुँ– रङ्गहीन, पत्रैपत्रले मोडिएको, अनन्त दुर्गन्ध र गहिऱ्याइ।

आजको कृष्णको विराट् रूप पनि त प्याज हो। त्यसकारण, बाङ्देलजी प्याजको एउटा स्टिल–लाइफ लेख्नुस्। त्यसकारण 'व्यथित'जी, प्याजमाथि एक महाकाव्य लेख्नुहोस्। तपाईंहरूको त्यो कृति ऐतिहासिक हुनेछ– कारण त्यसमा आजको व्यक्तिको र आजको समाजको दुर्गन्ध अनन्त पत्रमा अनन्त कालसम्म सञ्चित रहनेछ। र त्यही चित्र र त्यही काव्यमा म पनि अनन्त कालसम्म बाँचिरहनेछु।

त्यो चित्र र त्यो कविता आज लेखिएन भने भोलि, 'हिमानी'को मृत्युमा, बाङ्देलको मृत्युमा, शङ्करको मृत्युमा, भविष्यले आजको इतिहास गुमाउनेछ।

...एक हजार वर्षपछि सिमाना हराएजस्तै ।

# पेन्डुलम–अस्सिलेसन–पेन्डुलम

यो कथा होइन किनभने न यसको आरम्भ छ, न यसको अन्त्य। न यसमा कुनै नाटकीय तत्व छ, न यसमा कसैको चित्रण। न यसमा कुनै समस्या छ, न समाधान। न यसका पात्रहरूको सुखान्त मिलन छ, न दुःखान्त मृत्यु नै। साँच्चै भनूँ भने यसका दुई पात्र, 'म' र 'ऊ'बीच आजसम्मन् कुनै वार्ता, कुनै परिचय, भनौं कुनै मिलनसमेत भएको छैन! अझ, साँच्चै भनूँ भने, एक विशेष ठाउँमा कहिलेकाहीं एक्कासि उसलाई देख्नेबाहेक म उसको अरू कुनै अन्य पक्ष जान्दा पनि जान्दिनँ।

आयु सिद्धिसकेको उसको अनुहार छ– यत्तिबिघ्न चाउरी परेको छ, अब बढी चाउरी पर्ने सम्भावना छैन। मानौं, कालले थकित भएर अब उसको अनुहार कोतर्न छाडिसक्यो। कम से कम मैले उसको उमेरको अडकल लाउने प्रयास जबरजस्ती बन्द गरिदिएँ। गेरूवा लुगा लाएर, दुवै हातमा दुई लट्ठी समातेर ढल्ला–ढल्लाजस्तो भई ऊ पसलबाहिर, थाहा छैन कहाँबाट आइपुग्छ।

आइपुग्यो पहिलोपटक, मैले जान्ने गरी। पारदर्शी दृष्टिले उसलाई एकपटक हेरिदिएँ अनि फेरि आफ्नै संसारमा डुबुल्किएँ...।

आफू मात्र डुबुल्की मार्न हाम्रो आफ्नै संसार पर्याप्त छ। साथी, मित्र, परिवार, पैसा, परिस्थिति, पोजिसन केही चाहिंदैन, हाम्रो आफ्नै भूत हुन्छ, आफ्नै वर्तमान, आफ्नै भविष्य। यी तीन त्रिलोकबीच अनेक लोक हुन्छन्– 'त्यहाँनेर यस्तो भइदिएको भए', 'मैले त्यसो नगरेको भए', 'उसले त्यसो नभनेको भए', 'मैले त्यसको सट्टा उसको कुरा

भनेको भए' हामी कत्ति पनि शक्तिशाली छौं। –भएका कुरा जस्ताको त्यस्तै मनमा उमार्न सक्छौं, हुन सक्ने सम्भावना कल्पना गर्न सक्छौं, नहुन सकेका कल्पना प्राणवान् बनाउन सक्छौं। वास्तविकता र परिकल्पना मानौं हाम्रा मस्तिष्कमा एकपछि अर्को एकनास आइ–गइरहने ज्वार र भाटा हुन्। र विचारको हाम्रो सागरको तट खै? छैन!

मलाई ज्ञान छैन, कत्ति समयको अवधिपछि दोस्रोबाजि मैले सडकतिर हेर्दा ऊ त्यहीं थियो, अर्धमुदित नयनले सो–केस हेर्दै, झुम्दै भटभटाइरहेको!

त्यो (ऊ) आएको हिजो थियो वा भर्खरै अहिले वा सय वर्षअगि वा दश वर्षपछि, को जानोस्– आफ्नो आत्मामा लीन भएर, परम उत्कर्षमा पुगेर फर्केको, सृजन गर्ने व्यथामा रुमल्लिएको मैले, म कसरी जानूँ?

म हाँसिदिएँ मनमनै। मूर्ति देख्नासाथ मानिस त्यसलाई देवता ठान्छन् र थालिहाल्छन् मनका पीर–मर्का पोख्न। चाहे मूर्तिको मूल्य जेसुकै होओस्!

कुरा आयो–गयो, समाप्त भयो। दृष्टिबाट ऊ पन्छियो। मैले उसलाई बिर्सिदिएँ, सम्झने खालको कुरा नै के छ र यसमा!

व्यापार मध्यम छ, यसकारण उत्साह पनि। यसकारण जाँगर पनि। आफ्नो काम छैन, यसकारण बस्यो, अरूको काम हेरिराख्यो। तिनको प्रतिक्रिया हुँदो रहेछ मनमा। आफू व्यस्त र मस्त भए तिनले पटक्क नछुने। आफू अस्त–व्यस्त भए तिनको उन्नतिले घोच्ने, अवनतिले साहस दिने। (कस्तो घिनलाग्दो भावना पनि आइहाल्दो रहेछ मनमा! म त कम से कम यस्तो थिइनँ!) हो, परिस्थितिले यस्तो बनाउँदो रहेछ।

के परिस्थिति? के परिवर्तन, हँ?

ट्वाक! ट्वाक! ट्वाक! ट्वाक!

एउटा गेरूवा मूर्ति एउटा काँसको मूर्तिसमक्ष आइपुग्छ।

सन्यास मानिसले किन अपनाउँछ? उसले किन अपनायो होला? कुन उमेरमा अपनायो होला?

'स्वास्नी पोइल गई भनेर', 'घरजग्गा साहूले निखन्यो भनेर', 'भूकम्पमा सबै स्वाहा भो भनेर', 'अन्तरङ्ग मित्रले धोका दियो भनेर', 'चौरासी लाख जुनीको चक्रबाट उम्कूँ भनेर', 'संसारमा लोभ, मोह, क्रोध, पाप, परिवर्तनको जन्जाल भनेर...' भनेर 'अपरिवर्तनीय, अपरिमेय, अगम्य अबोधसँग त्यस्तै बनेर आत्मसात गर्न?'

कैयन् प्रश्न छन्, हुन सक्छन्। कैयन् सम्भावना छन्। उसको पनि तीन त्रिलोक छ र त्यसका कापहरूमा कैयन् लोकहरू!

एउटा कुराचाहिं सत्य हो, उसले संसारप्रति निर्लिप्त भाव अपनाउन खोजेको छ। तर पूर्ण निर्लिप्तामा त भगवान्को मूर्तिसमक्ष मौन उजुरी पनि त गर्नु हुँदैन!

'कृपया टुरिस्ट डिपार्टमेन्टको बाटो!'

भावनाको माइक्रोस्कोपमा उसलाई जाँचिरहेको मेरो दृष्टि उचालेर म हेर्छु। स्वाभाविक दृष्टिमा, वैयक्तिक फोकसमा आउन मलाई समय लाग्छ। म हेर्छु एउटा आकृतिपट्टि। एउटी ढम्मरढुस अमेरिकन नारी छ, अन्दाजी पचासी वर्षकी, अन्दाजन मिस! म बताइदिन्छु उसलाई, यही सडकको अन्त्यमा पुरानो शाही दरबारअगाडि! ...कुन दुस्साहसको भरमा यिनीहरू यस उमेरमा संसार यात्रा गर्दा हुन्! यस उमेरमा संसार हेरेर फाइदा नै के? बाटैमा मर्ने हुन् वा घर पुग्नासाथ! वा, घर पुगेर स्लाइड हेर्लान्– '... थाहा छ तिमीलाई म काठमाडौं पुगें, ओह, तिमी कल्पना गर्न सक्तैनौ, क्या अनौठो देश छ, कस्तो फोहोर र हिलो र भीख माग्ने बच्चाहरूको बीच क्या अनौठा पगोडा खडा छन् त्यहाँ– अनि जान्दछौ, ती पगोडाका थाममा, छाना अडाउने थाममा सेक्सका कार्भिङ छन्। र मानिस त्यसलाई पुज्छ र अक्षता छर्कन्छ र हामी दङ्ग पर्छौं। एन्ड देयर मेऽन गाड

इज ए सिम्बल अफ क्रिएसन, यु नो दोज फ्यालिक रिलिजन! बट् दे वोन्ट लेट अस् इन्टर द टेम्पल! हाउ फन्नी! कुड यु इम्याजिन? एनी बडी अफ माइ एज मस्ट हैभ सीन एट लिस्ट वन रियल फ्यालस इन हर लाइफ, एन्ड दे वोन्ट लेट मी सी ए स्टोन वन... !'

ट्वाक! ट्वाक! ट्वाक! ट्वाक!

ऊ अर्को सोकेसतिर बढ्छ। म मिनोसेटाबाट नयाँ सडक आइपुग्छु र प्रयास गर्छु सुन्ने एक मौन आर्तनाद। जोगिनी नर्तकीलाई एक काँसको अक्सिडाइज्ड मूर्तिसमक्ष ऊ ग्रान्ड फादर वाचको पेन्डुलमझैं झुमिरहेछ। उसका आँखा... नभनूँ! म स्वयम् लज्जित हुन्छु... एक नर्तकीलाई यत्रो भगवान्लाई अर्पित गर्न सकिने श्रद्धा! कस्तो शक्तिको कस्तो दुरूपयोग!

जीवन यस्तै हो। श्रद्धाको केही मापदण्ड हुँदैन सायद। श्रद्धा सब प्रकारले गर्न सकिन्छ– बुझेर, नबुझेर, डरले, मायाले, त्रासले, आसले!

***

अङ्ग्रेजी बडा मीठो भाषा हो। धेरै वर्षअगि एउटा उक्ति सुनेको थिएँ– 'भ्यु फ्रम द आइभरी टावर!' ...मैले कल्पना गरें, हस्तिहाडको एक धरहरा। नेपाली इन्ट्रिकेट डिजाइनले परिपूर्ण एक आब्जरभेटरी! अनि, (निर्बुद्धि म!) कसो–कसो विचार आयो मलाई, यो आइभरी टावर सडकबीच निर्माण गर्दा कति हात्ती ढले होलान्? कति औंलाले यसमा बुट्टा काटे होलान्? टावरको खुड्किलो उक्ली पाइतालाले कति माटो भुले होलान्?

आज म बुझ्छु, त्यस महान् भाषाको त्यो महान् उक्ति!

ट्वाक! ट्वाक! ट्वाक! ट्वाक!...

आइभरी टावरबाट गणेश हिमालपारिको स्वच्छ नीलो वितान पनि देखिन्छ, आइभरी टावरबाट हात्तीवनपारि तराईको सुनौला माटो र बालीमा लुटपुटिएको घाम पनि देखिन्छ। सिर्फ दृष्टि चाहिन्छ। अथवा सिर्फ दृष्टि चाहिन्न। को जानोस्!

ट्वाक! ट्वाक! ट्वाक! ट्वाक!

निर्लिप्ततामा के दृष्टि? सन्यासमा के देवता, के नर्तकी? डिट्याचमेन्टका लागि (वा एट्याचमेन्टकै लागि पनि) कालले थकित भएर कोतर्न छोडेको अनुहार के, पचासी वर्षको उमेर के वा नवयुवक नै के? दुई हातमा लट्ठी समातेर ग्रैन्डफादर वाच पेन्डुलम बन्नु र दुई विभिन्न विचारधारामा अस्सिलेट गर्नुमै...

अङ्ग्रेजी भाषा राम्रो! निकै ग्राह्य छ। निकै वेश्या छ– कारण अरू भाषाको शब्द पेट बोक्न, जन्माउन ऊ लाज मान्दिन। उसका फ्यालिक रिलिजनमा... 'यु नो, टेम्पल डार्स आर नाट क्लोज्ड! एनी रिलिजन अफ हिन्दू एज मस्ट हैभ सिन लट्स अफ कल्चरल एन्ड रेसियल मिक्सचर्स– एन्ड दे वोन्ट लेट मी सी ए फामिलाइज्ड आइडियल!'

ट्वाक! ट्वाक! ट्वाक! ट्वाक!

ऊ आउँछ।

म जान्छु।

मलाई आशा छ ऊ मसँग भीख माग्नेछ, हात पसार्नेछ, बाँच्न खोज्नेछ। मलाई वास्तै नगरी, मेरो अस्तित्वको इति मात्र पनि वास्ता नगरी ऊ काँसको मूर्तिपट्टि नै बढ्छ... (हु हैज सेड द्याट द कोल्डेस्ट थिङ एलिभ इज ए ब्रोन्ज फिगर ओभर द मैन्टलपिस!... पर्हेप्स आइ सेड इट माइसेल्फ ए फ्यु थाउजन्ड यिअर्स अगो एन्ड ए फ्यु थाउजेन्ड टाइम्स इन बिट्विन!) त्यसैले...

त्यसैले त म भन्छु।

यो कथा होइन किनभने न यसको आरम्भ छ, न यसको अन्त्य। न यसमा कुनै नाटकीय तत्व छ, न यसमा कसैको चरित्र–चित्रण। न यसमा कुनै समस्या छ, न समाधान।

यी जम्मै व्याख्या जीवनका व्याख्या हुन्। अनादि, अनन्त, असीम सत्यम्, शिवम्, सुन्दरम्। समस्या, उत्पीडन, समाधान। पेन्डुलम, अस्सिलेसन, पेन्डुलम! जन्म, जीवन, मरण।

...तीन त्रिलोक र कापमा अनेक लोक!

'आफू मात्र डुबल्की मार्न हाम्रो आफ्नै संसार पर्याप्त छ।'

# साहित्य : आलुबखडा कि आउँ ?

क्षितिज धमिलो छ। दक्षिण फर्केको बरन्डामा बसेर म आलुबखडाको रुख हेरिरहेको छु। हावा छैन, फूल लटरम्म फुलेको त्यो रुखमा पात अझै आइसकेको छैन। सेतो एक–दुई फूलका पत्र अनायास झर्छन्– रुखमुनि सेताम्मे भइसकेको छ। एक–दुई भँवरा झुम्मिरहेछन्... यो हो बाहिरी अवस्था।

आउँ परेको छ, पेट कटकट काटिरहेछ, छिनछिनमा दौडिनुपर्छ, खानमा मुख बारेको छु, घरबाट बाहिर ननिस्कने गरी म आज आराम लिन बसेको छु– यो हो शारीरिक कुरा !

वैशाखमा 'समालोचनाङ्क' निस्कँदै छ रूपरेखाको, मलाई लेख लेख्नु छ, कसरी प्रारम्भ गरूँ ? पत्ररूपमा, निबन्धरूपमा ? 'कामु'को अस्तित्ववादको आधारमा वा... –आ, उत्तम भाइ, के गरेको यो, मलाई किन सकसमा पारेको ! जे म जान्दिनँ, त्यसउपर लेख लेख भनिदिएर तिमीले– माफ गर, 'तिमी'मा आत्मीयता झल्कन्छ भन्छन्, 'तिमी' भन्छु है– तिमीले के गरेको ! लेखक हुँ म सायद र यसै नाताले तिमी चाहन्छौ जे पनि मेरो कलमबाट, उत्तिकै प्रभावोत्पादक रूपमा आइरहनेछ। सम्पादक भएको नाताले तिमीले बुझ्नुपर्छ, लेखक चौबीसै घण्टा लेखक रहन सक्तैन र जसका अनेक अवतार हुन्छन्। जस्तै म छु– मलाई दोष दिइन्छ, म ज्यादै आत्मवादी हुँदै छु रे !– मलाई आफ्नै कुरा गर्न मन लाग्छ। नाउँ कमाउन मन लाग्छ, अर्को देवकोटा बनूँ नेपाली साहित्यमा– तर अलि सुधारसाथ, उनको जस्तो प्रतिभा त होओस् तर त्यो आर्थिक अस्थिरताचाहिं होइन– म चाहन्छु उनकै जस्तै... जान देऊ, उनीसँग आफूलाई दाँज्नु पनि एउटा ठूलो आत्म–विडम्बना हो ! भन्दै थिएँ, लेखक लेखकभन्दा बढी मनुष्य हुन्छ र यो मनुष्य छ नि, यो

साह्रै अनौठो प्राणी हो! मैले आजसम्म केही बुझ्न सकिनँ। एक गुजुल्टाइँ– राम्रो उपमा दिऊँ, लट्टाई भत्केको बेला गुजुल्टिएको धागोझैं– एक अनौठो चरित्र हुन्छ यसको। अरू लेखक सायद वास्तवमा लेखक होलान्– सबै लेखक महान् त अवश्यै हुन्छन्, कम से कम उनमा महान् भइदिने प्रेरणा उम्रेको, एक आकांक्षा, एक कल्पना हुन्छ तर जीवन, उत्तम भाइ, एक कम्प्रोमाइज हो! महत्तम र लघुत्तमको समास र यो कम्प्रोमाइजको भावना छ नि, यही एक भावनाले मानवतालाई बचाइराख्यो– र माथि उठ्न पनि दिएन!... म के गर्दै छु? असलमा, शङ्करजी लेख लेख समालोचना अङ्कका लागि! तिम्रो यो गन्थन पढ्ने आवश्यकता पाठकलाई किन हँ?

ठीक हो! पाठक महान् मनुष्य हो! बिचरा, बीसौं सदीको यो दौडिरहेको–भागिरहेको जीवनमा, हताश भएको बेला ऊ आफ्नो मनलाई शान्ति दिन साहित्यपट्टि फर्किन्छ– उसलाई गुजुल्टाइँको रूप बनाएर तिमीलाई के मिल्छ लेखक? उसलाई परमपरमेश्वरको महान् अनुकम्पा– आह! यो पृथ्वी, यो राष्ट्र, आफ्नो देश, मातृभूमि, यसका प्राकृतिक सौन्दर्य, यसका सुखी जनता, आफ्नो सुन्दर शान्त, विशालता, आफ्नो हिमाल, वनजङ्गल, तराई, सुनौला साँझ, ग्रामबालिका, धानका झुप्पा– आह! ईश्वरको त्यो महान् अनुकम्पा, ऊ मानिस भएर जन्मन पाएको, यो सब भोग्न पाएको, यो सब सौन्दर्य बटुल्न पाएको– यी सौन्दर्यको स्तुति गा ए, लेखक! (तर, कता के पुर्जा खुस्केको छ, यसमा! यो सब सौन्दर्यको केन्द्रबिन्दुमा, कता हो कता के खस्रोपन छ! २८५० परिवारले पहाड त्यागेर राप्तीमा जान हिंडेको पदचाप?– थाहा छैन, थाहा छैन!) उत्तम भाइ, यस्ता सौन्दर्यको बखान गर्ने अर्को कविता आयो भने त्यस कवितालाई व्यक्तिगत पत्र लेखेर सोधे– 'कवि, तिमीले अनुभव गरेको भावना हो यो– अथवा यस्तो अनुभव गर्नुपर्छ भन्ने तिम्रो परम्परागत आदर्श हो? –मलाई लाग्छ, साहित्य वास्तवमा विडम्बना हो! किनभने साहित्य नाम कमाउने पेसा मात्र हो। बिहान–बेलुकाको माम कमाउन अनेक झूट, छलकपट, धोका! ('म हृदयले तिमीलाई प्यार गर्छु!'– बेवकुफ, प्यार हृदयमा हुन्छ? प्यार भनेको त यौन–भावनाको विकृत, अचेतन रूप हो! '...म साहित्य–सेवक, यसो लेखिटोपल्छु!'– मूर्ख, आन्तरिक भावना तेरो के पूजनीय सराहनीय बन्ने होइन?...)

आत्मश्लाघा अपनाएर फुर्सतको बेला सरस्वतीको सेवा (!) गर्ने व्यक्तिमा के सत्य प्रस्फुटित हुन्छ?– आह! यथार्थ–साहित्यको आजकाल बडा बोलवाला छ! जो पनि भन्छ, साहित्यमा यथार्थवाद! मलाई बुझाइदेऊ उत्तम भाइ, यो यथार्थ भन्ने आदर्श कति पुरानो घिसेपिटेको भावना हो! भावना होइन, नारा हो। साहित्य यथार्थ हुनै सक्तैन– त्यसरी नै जसरी साहित्य आदर्श हुनै सक्तैन। यथार्थ! धत्, लेखक, यसरी आफूलाई र संसारलाई धोखा नदे! एक निमेषभित्र जो मनमा जीवनभरिका अनेक भावना, विचार, कल्पना, परिकल्पना, इच्छा, आकांक्षा, आशा, निराशाको सम्मिश्रण भएको बहुरूप उम्रिन्छ, के त्यसलाई कहिले यथार्थ ढङ्गबाट अवतरित गर्न सक्छ? यो लाइन लेख्तालेख्तै मैले कामुको त्यो लाइन सम्झें– गम खाएर प्रश्न गरौं– कलामा यथार्थ सम्भव छ? ...एक मात्र यथार्थ कलाकार, यदि छ भने, ईश्वर छ। अरू यस यथार्थनिमित्त अवास्तविक छन्, अनि थाहा छैन किन हो केनेडी सम्झें, अमेरिकन लाइब्रेरीको बोर्डमा टाँगेका फोटोहरू सम्झें, लाइफ मैगजिनको केनेडी–विशेषाङ्क सम्झें, श्रीमती केनेडीको घर हेरेर आएको भन्दै थियो तुलसी, त्यो सम्झें, देउजाले मृत्यु–समारोहको वर्णन गरेको सम्झें, मार्टिन लुथर किङ आउँछ, हरिहरराज जोशी आउँछ... यही हो यथार्थ, यसलाई यस एकछिनको विचार शृङ्खलालाई व्यक्त गर्न यसमा रहेको तारतम्य बुझाउन मैले प्रयास गरें भने सायद मलाई सम्पूर्ण जीवन लाग्नेछ।

अनि म के गर्छु भन्ने जान्दछु, मलाई मन पर्ने कुरा मात्र, त्यस्ता कुरा जो म ठान्छु, अरू पनि मन पराउलान् र त्यस मनपराइको माध्यमबाट मलाई रुचाउलान् र मेरो नाम लिनेछन्– भन्नेछन् वाह, लेख्छ, शङ्कर नयाँ चीज दिन्छ... यही हो साहित्य... यही छलकपट, धोका, एक सेलेक्सनको रूप हो साहित्य! होइन, उत्तम भाइ, साहित्य यथार्थ होइन! साहित्यमा जो युगअनुसार अनेक वाद आए, तिनको अस्तित्व मान्दिनँ भनेको होइन मैले। ती थिए। तर युग निकै अगाडि बढिसक्यो। आजको यो खुम्चिएको संसारमा, जब अल्जेरियार अमेरिका हाम्रो निम्ति त्यत्तिकै नगिच– छन्, जत्ति 'रूपरेखा'को अफिस, आज मनुष्य एकाकी छ! (अनौठो हगि!) आजको मनुष्य पढ्छ, लेख्छ, सुन्छ र अगाडि बढ्छ! 'वाद अपनाउनासाथ उसको प्रगतिमा घेरा लाग्छ।' ऊ

चाहन्छ स्वतन्त्र हुन, ठीक हो– कामुको अस्तित्ववाद उसको किताब पढुन्जेल मेरा लागि ठीक छ। अन्तिम अक्षर नाघेपछि म समाप्त त हुन्नँ, ममा स्थिरता ढ्याम्मै त व्याप्त हुँदैन, त्यसभन्दा पर पनि सोच्नुपर्छ मैले, अनि पर जो म सोच्छु नि! त्यो निश्चय पनि 'अस्तित्ववाद'को घेरामा बाँधिन सक्तैन। आजको व्यक्ति व्यक्तिवादी छ। (यो अर्को कुरा, राष्ट्रहितको विचारले हामी आफ्नो व्यक्तिवादिताको केही अंश चन्दास्वरूप प्रदान गरौं... त्यो बाँच्नका लागि गरिएको कम्प्रोमाइजको सौदा हो!) आजको साहित्यलाई मलाई नामकरण गर्ने अनुमति दिन्छौ भने उत्तम भाइ, म भन्दिन्छु आजकलको र भविष्यका केही कालसम्मको साहित्य व्यक्तिगत साहित्य, व्यक्तिवादी हुनेछ। हेनरी मिलरले भनेको सम्झन्छु 'आउँदा साहित्य, प्रथम वचनमा लेखिएको व्यक्तिको आफ्नो अनुभव हुनेछ र त्यसमा दिनपरदिन असत्यवादिता कम हुँदै गएको हुनेछ।' –ठीक होइन त? प्रकृतिको वर्णन गर्ने खालका साहित्य वेदमा नै उत्कर्षमा पुगे, व्यक्तिको स्तुति रामायणमा, –आज तिनको के आवश्यकता?– रियलिस्ट इम्प्रेसनिस्टिक, एक्सप्रेसनिस्टिक, सर्रिलियस्ट र अस्तित्ववादी– आह! यिनको पनि युग थियो, गयो अब! अब त व्यक्ति छ, जो आफ्नो गुजुल्ट्याइँमा निसासिएको छ र त्यही अन्योलमा ऊ आकुल भई आर्तनाद गर्छ। समूहको विरूद्ध एक व्यक्तिको आर्तनाद अर्को व्यक्तिसँग मिल्दैन किनभने खुम्चिएको व्यक्तित्व व्यक्तित्वको कोणमा अन्तर हुन्छ र त्यो आर्तनादलाई कसरी हामी साम्यवादी वा फ्रायडवादी घेरामा राखी तौलन सक्छौं? व्यक्तिको जीवनमा 'वाद'हरूको सम्मिश्रण हुन्छ, उसलाई एउटै परिवेशमा अटाउने दुस्साहस को गर्न सक्छ हँ? अन्धाहरूले हात्ती छामेर गरेको वर्णन सम्झन्छौं, उत्तम! समालोचना भनेको कुरा साहित्यउपरको त्यही व्यङ्ग्य हो।

अहिले मैले लेखिरहेको अनौठो यो मेरो कुरा लेऊ। साहित्यको कुन वादमा यसलाई राख्ने? यसमा निराशा छ (निराशावादी?), यसमा आशा छ (आशावादी?), यसमा आकांक्षा छ नाम कमाउने (आकांक्षावादी?), यसमा इच्छा छ मेरो म अलि रमाइलोपन ल्याऊँ (हास्यवादी?), यसमा मैले अस्तित्वको कुरा गरें (अस्तित्ववादी?), यसमा मैले– जान देऊ, यसमा अनेक छ तर पनि म पूर्णरूपले उत्रन सकेको छैन किनभने यसमा

छानिएका विचार मात्र छन् र म छानिएको विचार मात्र होइन– यसमा मेरो अहम्भाव झल्किएको छ केही–केही, म घमन्डी होइन, छैन पनि– यसमा ती कैयन् कुरा छुटेका छन्, जो म छु– आज यदि तिमीले यही एक लेखको आधारमा, या मेरा जुनसुकै वा सबै लेखको आधारमा मेरो विश्लेषण गर्न खोज्यौ भने कत्रो भाम्लो हुन जानेछ।– त्यो दुस्साहस मैले स्वयम् आफूउपर गर्न सकेको छैन किनभने बिहान र बेलुकाको मेरो विचारधारामा खल्तीमा पैसा भएको र नभएको बेलाका सोचाइमा, पेट भरेको र भोको भएको बेलामा, म भिन्न ढङ्गले सोच्छु! कार्ल मार्क्स र कालिदास, फ्रायड र अनातोले फ्रान्स, कामु र गान्धी सबै मभित्र बाँचेका छन्– र म तीभित्र र बाहिर दुवै छु– मौका परिस्थिति हेरी ती मलाई भन्छन्– 'देखिस्!' –र म हेरिदिन्छु र आँखा चिम्लिदिन्छु र एक गिलास पानी खान्छु र एक दिनअरू बाँचिदिन्छु। ती मसँगै बाँचिरहन्छन्। र ती म होइनन् र म तिनको घेरामा उभिएको पनि छैन। अब, ताना सर्मा वा जगदीशशमशेर वा कसैले पनि, मेरी स्वास्नीले नै पनि, जो अगाडि बसेकी छ र लुगामा इस्त्री लाइरहेकी छ र जो हिसाबले मेरो व्यक्तित्वसँग निकै नगिच छ, उसले पनि कसैले पनि कसरी भन्न सक्छ, अहिले मलाई के वादले 'देखिएन?' भन्दै छ! (मनमनै अहिले सोच्तै छु, लेख लामो त भएन?) जीवन त्यसै त अगम्य छ, (एक आनन्दपूर्ण अनुभव हगि!) त्यसउपर यो लेबिल टाँस्ने कामको बोझ किन हँ! लेबिल त मानिसले जहिले पनि उप्काउने प्रयास गर्छ– आह! एक परमेश्वरसँग तादात्म्य गर्न समष्टिमा समावेश गर्न रे!– त फेरि एक लेखकको औपचारिक प्रदर्शनलाई समालोचकले किन लेबिल लाउने हँ?

औपचारिक प्रदर्शन? चोट लाग्छ हगि! तर कति सत्य! हामीले जीवनभर के भन्न चाहेको हो, त्यही पहिल्याउन सक्तैनौं किनभने भन्ने कुरा बुझ्दाबुझ्दै जीवनै समाप्त भइदिन्छ। हामीमा जब आफूलाई निर्देशन दिन सक्ने सामर्थ्य हुँदैन– अरूलाई भन्ने अर्ती दिने कुरा नै के छ र? तीन वर्षअगि लेखेका कुरामा आज फर्केर हेर्दा कस्तो हाँसो उठ्छ– त्यस बेला मेरो भन्नु त्यति रहेछ (!)। आज जो म भन्दै छु, भोलि फर्केर हेऱ्यो भने केटाकेटीको खेल लाग्नेछ। मलाई आफ्ना विश्वासउपर नै जब यसरी हाँसो उठ्छ भने म कुन साहसले मेरा देशका दाजुभाइलाई भनूँ– "भाइ हो, मैले लेखेका कुरामा सत्यम्,

शिवम्–सुन्दरम् छ, त्यसमा यथार्थ छ, त्यसमा मेरो युगको आह्‌वान छ, त्यसमा एक दर्शन छ!" पाठक त्यति मूर्ख त हुँदैन, उसले मेरो कुरा नबुझोस्। पाठक बुझ्छ, लेखकले मलाई ठग्यो है भनेर!

लेखक किन लेख्छ? राम्रो प्रश्न! लेखकले आजसम्म आफूलाई र पाठकलाई धोखा दिइरह्यो। जस्तै भर्खर प्रेम परेकाहरू आफ्ना जीवनका राम्रो पक्ष मात्र प्रेमिकालाई प्रस्तुत गर्छन्, उसैगरी लेखक आफ्ना तत्कालीन अनुभवको असल रूप मात्र प्रस्तुत गर्ने प्रयास गर्छ। त्यसैले मैले भनेको औपचारिक प्रदर्शन। वास्तवमा लेखकको जीवन लेखनी... रचनामा नलेखिएका पक्ष प्रशस्त हुन्छन्। तिनलाई व्यक्त गर्न सक्ने साहस कत्तिको छ उसमा– जान दिऊँ, यो कुरा पनि नगरूँ किनभने त्यो साहस ममा पनि अझै छैन। मेरा अग्रजहरूको कमजोरीको मैले हँसी उडाएको होइन। ती महान् (साँच्चै नै महान् भनेको मैले!) व्यक्तिको जीवनमा एक ध्येय थियो, एक आदर्श थियो, त्यसैलाई लक्ष्य गरी उनले आफ्नो जीवन समाप्त गरे! हामी आज अनेक आदर्शहरूको मोडमा पुगेका व्यक्ति, आदर्शहरूको जीर्ण युगको यो सङ्घर्ष बेलामा, नवीन प्रेरणा उम्रिनसकेको बेलाका बिचरा मनुवा हामी, हामी नयाँ युगको दैलोमा पुगेर शङ्का र सङ्कोचले बेरिएर पाइला सारौँ–नसारौँ गरिहेका व्यक्ति 'यथार्थता ल्याउनुपर्छ', साहित्यमा यथार्थवादको नारा सुनिरहेका व्यक्ति हामी अलमलिएका पृथ्वीको व्यक्ति, आज हाम्रो साहित्यमा वास्तविकता ल्याउने हो भने त्यही वातावरण त्यही... के भनूँ? अलमलिएँ। मनमा गुम्सिएका भावना अझ भन्न सकेको छैन! अँ, परम्पराको डोको बोकिरहेका हामी हाम्रो निधारमा नाम्लोको डाम अझै छ! त्यसलाई मेटूँ होला! अनि सायद बुद्धि आउला, पाउँछौ भने आर्तोको 'नो मोर क्लासिक्स्' पढ्नू है! हामीमा, हाम्रा समालोचकहरूमा आर्तो खोज्ने काम तिम्रो उत्तम भाइ! हामीमा त अझै ज्ञान छैन– रचनाकाल, पठनकाल र समालोचनाकालमा संसार कत्ति चिप्लेर अगाडि गइसकेको हुन्छ– जस्तै रामायणको समालोचना (वा आवश्यकता नै!) आज फ्रायडवादी दृष्टिबाट गरियो भने– राम! राम! भानुभक्त मूर्च्छा पर्छन्। यो जो अन्तर छ, टाइम र स्पेसको (फोर्थ र फिफ्थ डाइमेन्सनको) सम्झना आइरहेछ, तिलविक्रम नेम्बाङको तेस्रो (मात्र!) आयामको! त्यो

पनि सायद महत्वपूर्ण छ।– सायद त्यसको पनि विचार राख्नुपर्छ। (मेरो धेरैपटक 'सायद' शब्द प्रयोग गर्ने बानी छ, यो मेरो अनिश्चितताको बोधक हो– निश्चित भए सायद पछि म स्थिर हुन्छु भन्ने मलाई डर छ!)– सम्पादकको नाताले सायद यो प्रश्न तिम्रो मनमा पनि आउनेछ उत्तम भाइ!– अहिले त मेरो सामु क्षितिज धमिलो छ, चाहे त्यसमा मेरो अगाडि आलुबखडा नै फुलेको किन नहोओस्, चाहे भमरा नाचिरहेकै किन नहोऊन्– मेरो पेटमा आउँ परेको छ र त्यसो नभएको भए म यी लेख्ने मौका पनि कहाँ पाउँथे र!– क्युरियो बेचिरहेको हुन्थे हुँला (यस कथनमा तिमी श्लेष नखोजे नि!)– र यत्ति जो गन्थन गरें, यो गन्थन पनि सम्भव थिएन। (नम्र भइदिएको नि!, हुन त मेरो मनमा महान् लेख लेखें भन्ने भावना ढ्याम्मै जमेको छ!)

# सम्झनाको लयमा विलीन हुँदै...

## (कथामा प्रयुक्त कविता र चित्र सङ्गीतका स्रष्टामा समर्पित)

निर्मलको जीवनमा लिनको प्रवेश त्यसरी नै भयो, जसरी झिंगटीको खरिएको कापमा महिनौं सुतिरहेको घाँसको बीउ वर्षाको पहिलो झरीमा जुरमुराएर उठ्छ !

जुरमुराएर उठ्छ–
छानाभरि जीवनभरि संसारभरि कोठाभरि
आँखाभरि सम्झनाभरि भविष्यभरि हिजोभरि
आजभरि सधैंभरि !

लङप्लेइङ रेकर्डका मसिना–मसिना घेराभरि ! लिनले दिएर गएको रेकर्डमा अङ्कित सोनाटामा आरोह–अवरोहभरि !

निर्मलको कोठा। गलैंचामा त्यसै तकियाबिना नै उत्तानो परी ऊ पल्टेको छ। आँखा उसका दलिनका मसिना पङ्क्तिमा छन् र ऊ ती पङ्क्ति पग्लिरहेको अनुभव गर्दै छ। कोठाको एक कुनाबाट सङ्गीत रस्सिँदै आइरहेछ। त्यस सङ्गीतमा एउटा नाउ अथाह जलमा, रात्रिमा, जूनको सहारामा, मधुरो हावाको बहाउमा तरङ्गित भइरहेछ। नाउलाई पियानोको पर्दाबाट निस्केका तरङ्गले प्रवाहित गरिरहेछन् र नाउ ढलपल–ढलपल भई चाँदनीमा पाल टल्काउँदै बगिरहेछ। चन्द्रमा स्वयम् करोडौं खण्डमा टुक्रिएर पानीमा छरिएर थरथराइरहेछ। वायलिनको त्यस नाउमा आज निर्मल चढेको छ र उत्तानो परी

आकाशलाई हेरिरहेछ। र आकाशलाई समुद्रले पखालेको छ र आकाशको जीउमा अझै पानीका थोपाहरू टलपल–टलपल गरी झल्किरहेछन्– त्यस्तै गरी जसरी लिनका अनुहारमा, लिनका जीउमा, नुहाएर पानीबाट निस्कँदा पानीका स्वर्गङ्गाहरूको सृष्टि भएको थियो। सङ्गीतको त्यस सुमधुर स्पर्शमा निर्मललाई लिनको एक मायालु झङ्कार अनुभव भइरहेछ। यो स्पर्श, जसले उसलाई समय र स्थानको परिधिबाट चुडाउन सक्छ, यो स्पर्श लिनको स्पर्श हो, लिनको सम्झना हो, लिनको सहवास हो, लिनको बिछोड हो।

निर्मल! निर्मल! लिन! लिन!
वातावरण त्यही, कोठा फरक,
निर्मल त्यही, सम्झना फरक,
सङ्गीत त्यही, प्रकम्पन फरक!...
ती औंला, जसले निर्मलका कपाल सुमसुम्याएका थिए,
ती औंला, जसमा एक फ्रिक्वेन्सी थियो पूर्ण–बोधको,
ती औंला, जसले मस्तिष्कमा सञ्चार गरिरहेथे।
अन्धकारमा– ढुकढुकी– गरिरहेका– दुई मुटुको– अव्यक्त– र –शब्दहीन सन्देशहरू,
ती औंला, ती औंला...।
“हामी दुई किन संसारको दुई भिन्न भागमा जन्म्यौं?”
“हामी किन संसारको यस भागमा मिल्न पुग्यौं?”
“हामी किन फेरि छुटिने होला?”
(स्लो, निर्मल, स्लो!
लागेको छैन तिमीलाई जीवन ढिलोसँग बगोस्?
बिछोडको समय ढिलिएर आवोस्?
स्लो, लिन, स्लो!
लागेको छैन तिमीलाई जीवन ढिलोसँग बगोस्?
मिलनको समय तन्किएर जाओस्)

यो मौन, जसलाई सङ्गीतले अँगालो मारेको छ।
यो मौन, जो एक लयको काखमा लोलाइरहेछ,
यो मौन, जसका गर्भमा अनन्त वेदना जन्मन बाँकी नै छन् अझ,
यो मौन,
मौन कति मीठो!
त्यत्ति नै मीठो, जत्तिको त्यो छाया छ एउटा।
छरिएको कपालको,
निहुरेको कपालको,
जो हल्लिरहेछ मौनको श्वास–प्रश्वासमा,
मैनबत्तीको ज्वालाबाट,
(अथवा लिन निस्पन्द छ र यो मैनबत्तीको शिखा निद्रामा उँघिरहेछ!)
र निर्मलको छाया लिनको काखमा बिलाएको छ।
"मेरो एउटा साथी छ लिन! उसको एक कविता सुन!"

*सुन्दर, शान्त र स्निग्ध*[१]
*शुभ्र शिखा मैनबत्तीको!*
*मानूँ प्रथम रजस्वलापछि स्नान गरेर*
*शारदीय घाममा आफ्नो कौमार्य छरेर*
*थकित थकितझैं*
*एक्लै एक्लै मुस्काइरहेकी*
*अनुहार हो यो कुनै सुकुमारी नव–युवतीको?*

– अनि! (औंलाका कम्पन सोध्छन्।)

– मैले बीचका पङ्क्ति बिर्सें! (कविताको स्वरहीन भाषा झङ्कृत हुन्छन्!)

*सुन्दर शान्त र स्निग्ध*
*शुभ्र शिखा मैनबत्तीको !*
*प्रज्वलितझैं हर्षले*
*प्रकम्पितझैं दर्दले*
*एकातिर धप्प धप्प बलिरहेछ अनुहार*
*अर्कोतिर तप्प तप्प ढलिरहेछ अश्रुधार... . ...”*

– अनि ! – (... . ...)
– पुगेन र ? – (... . ...)
– हाम्रा निमित्त यति नै आवश्यक पनि छ–
“कविताका अरू पङ्क्ति अरू कुनै दिन !”
“अरू कुनै दिन ? अब कति दिन ?”
“आज बिछोडको कुरा नगरौं !”
“नगरौं !”
“नगरौं !”
“आज जीवनका मिठासका कुरा गरौं !”

(जीवन ? जीवन त आश्चर्यले भरिएको एउटा वेदना हो ! –लिनले भनेकी थिई अथवा सायद उसैले लिनलाई भनेको थियो। दुई जनामा जसले जसलाई जे भने पनि सत्यको वजन दुवैले बराबरी अनुभव गरेका हुन्थे। ती दुईको भेट हुनु, एकात्म्य हुनु, कुरा हुनु, कुरा बुझ्नु, पछिपछि त कुरा नै नभई कुरा बुझ्नु, मानौं दुई शरीर र दुई आत्मा एउटै चालमा झङ्कृत हुन्थे; एउटा यस्तो फ्रिक्वेन्सीमा, जो हाम्रो परिचित इन्द्रियभन्दा बाहिर छ !)

“के प्रेम यसैलाई भन्छन्, निर्मल !”

“मलाई थाहा छैन। म जान्दिनँ! जीवनमा मैले कैयौंपटक प्रेम गरेको छु। तर प्रत्येकपटकको तीव्रतामा फरक छ, लिन! सायद प्रेम प्रतिक्रिया हो, सायद प्रेम रेसिप्रोकल हो! अथवा प्रेम केही होइन, हाम्रो मानसिक स्तरको एउटा यस्तो ट्रान्समिसन हो, जो आफ्नो स्वरको थात खोज्छ!”

स्लो, निर्मल स्लो!

“लिन! कलेजमा पढ्दा एउटी मेरी सहपाठिनी थिइन्। पहिलो प्रेम मेरो तिनीसँग भयो। किताब बोकेको तिनको रूपले मलाई कसरी एक असीम सुख दिन्थ्यो। तिनको वरिपरिको हावामा एक मीठो–मीठो गन्ध, तिनको वरिपरि बेरिएको कौमार्यमा एक अनौठो–अनौठो तृप्ति... आज म बुभ्दै छु, त्यो प्रेम थिएन, लिन। त्यो मभित्र लुकेको कैयन्–कैयन् कविताका पङ्क्तिले सौन्दर्यको माध्यमबाट खोजेको अभिव्यक्ति मात्र थियो। मभित्रका बायरन, शेली, जोन डन र ब्राउनिङहरूले मेरो मनको अन्धगर्भबाट बाहिर आउने साधन अपनाउन गरेको प्रयास मात्र थियो। त्यो प्रेम थिएन।”

“म बुभ्दै छु, निर्मल!”

(औंलाका चालमा रौंमा बाटो अलमलिएको भन्को आउँछ। लिन मानौं स्वयम्को त्यस्तै अनुभूतिलाई औंलाको प्रतीकबाट जन्म दिने प्रयास गर्दै छे। ऊ स्वयम् पनि त त्यो समय र अनुभवको सङ्घार नाघिसकी, मानौं अब औंलाका इसारा मात्र छन्, बाँकी जो प्रकम्पनको मुद्रामा त्यस युगमा पुग्न सक्छन्।)

“त्यसपछि सम्बन्ध भयो मेरो अनेकसँग। ती सम्बन्धहरूलाई यौनका नदेखिने काँचो धागोले डोऱ्याएको थियो। ती सम्बन्धहरूमा मैले आफ्ना बाबु–बराजुको, मानव–इतिहासको सम्पूर्ण युग गुजारिदिएँ। प्रत्येकपल्टको चरमानन्दमा मेरो माध्यमबाट बितिसकेको युग छिनभरिका निमित्त बाँच्न पुग्यो। ती कैयन्–कैयन् जुनी सायद यिनै यौनसम्बधका माध्यमबाट मैले भोग्नुपर्ने नै थियो, सायद ती नभोगेको भए म वर्तमानमा

पुग्न सक्तिनथें हुँला। सायद वर्तमानमा नपुगेको भए मेरो तिमीसँग भेट हुने थिएन होला। सायद म अन्य साधारण मानिसझैं असङ्ख्य जुनीकै घेरामा अलमलिएर, व्यतीतका चक्करबाट उम्किन नसकेर, समाप्त हुन्थे हुँला!... लिन, तिमी मौन छ्यौ!

स्लो, निर्मल, स्लो!

(लिनलाई यी विश्वहरूको बीचको रिक्त अन्तरिक्ष पार त गर्न देऊ। तिमीले बोलेका शब्दहरू र तिमीले नबोलेका भावनाहरू,

यिनै हुन् ती दुई पखेटा,

जसको भरमा ऊ तिमीकहाँ आइपुग्छे!)

स्लो, निर्मल, स्लो!

(उसलाई अन्य साधारण केटीझैं तिमीसँग उडान भर्न काँचो धागोको सहारा लिन खोज्ने नतुल्याऊ!)

लिन, मलाई लाग्छ, कहिलेकाहीं, मेरो कुनै जन्ममा मैले यसरी आफूलाई अभिव्यक्त गरेको छु–

*कैयौं बाटोबाट आएको हुँ*
*कैयौं गीत गाएको हुँ*
*पर्वत बनी उभिएको हुँ*
*नदी–नाला बनी आएको हुँ*
*हुरी बनी दुगुरिन्छु म*
*छाया बनी बिसाएको हुँ*

*यौवन बनी ढल्कन्छु म*
*माया बनी आएको हु*[२]

– अनि?– निस्तब्धता निकै उत्सुक छ! निस्तब्धतामा कविताका पङ्क्ति रुमल्लिरहेछन्, बिहानीपख युक्लिप्टसको हुस्सु रुमल्लिएझैं। स्वरको सूर्य नउदाएसम्म मौनताको हुस्सु कसले फाँड्ने हँ?

स्लो, लिन, स्लो!

निर्मललाई तिम्रो काखमा बिसान पाउन देऊ! चौरासी लाख बाटोबाट निर्मल आएको छ, चौरासी लाख गीत निर्मलले गाएको छ, चौरासी लाख पर्वत बनी निर्मल ढेस्सिएको छ,

चौरासी लाख नदीनाला बनी निर्मल हुत्तिएको छ,

चौरासी लाख हुरी बनी निर्मल दगुरेको छ, चौरासी लाख छाया बनी निर्मल ढल्केको छ, आह! आज मात्र त हो नि!

ऊ एक मायामा पुग्न सकेको छ बल्ल!
बल्ल, बल्ल, बल्ल!
झर्राम्म!
स्लो, स्लो, स्लो, स्लो!
स्लो, स्लो, स्लो, स्लो!...

लिनको छाया छ नि, त्यो भित्तामा परिरहेको, त्यही छाया, जसलाई मैनबत्तीले स्पन्दित गरिरहेछ,

त्यो छाया अलि झुक्छ,
अझै अलि निहुरिन्छ,
अझै अलि झुक्छ,
र

तल काखमा आँखा चिम्लेको निर्मलको परेलामा ओठले मायालु स्पर्श गर्छन्!

झ्वाम्म्!
चट्याङ
(विस्फोट?)

(भित्तामा टाँगिएको पेन्टिङले निहुरिंदै गएको लिनको छायाबाट मुक्ति पाउँछ। त्यस चित्रमा माछा पक्रिन बनेको एक बाँध छ देब्रेपट्टि। कालो डढेको काठको बाँध, जसले पानीबाट निश्चल पारेको छ। दायाँपट्टि चित्रमा धपक्क बलिरहेको आगोको मुस्लाझैं– होइन, होइन, करोडौं, करोडौं सुन्तला आकाशको टोकरीबाट घोप्टिएझैं छ। र खेत छन् हरिया, हुँदा–हुँदा गहिरिएर नीला भएका। पानी छेक्ने काठका तीन छेकबार छन्। देब्रेपट्टि जसले बताउँछ, अहिले खेतमा बाढी छैन। यो सुन्तला छ अनि जो मैनबत्तीको शिखामा धपक्क बलिरहेछ– यो एक उन्मुक्त उडान हो।[३] यो उन्मुक्त उडान अथवा आन्दोलित उडान होइन, निर्मलजी! होसमा आऊ। यो के तिम्री लिनको सुन्तले कपाल होइन र जो विस्फोट बनी तिम्रो अनुहारमा ओइरिएको छ? दाहिने आँखामा, तिमी जो अग्नि देख्छौ नि! त्यो स्पर्शको ज्वाला हो, उसको सुन्तले रौंसँग! बायाँ आँखामा, तिमी जो कालो छेकबार देख्छौ नि, त्यो स्पर्श पर्खिरहेको युगानयुगको अन्धकारको पत्र हो! त्यहाँ ज्योति अझै पुग्न बाँकी छ।)

(यो पेन्टिङ होइन कसैको!
यो तिम्री लिनको चुम्बनको स्पर्श हो)

झ्वाम्म !

चट्र्याम्म !

(ब्युँझ, निर्मल, ब्युँझ, ब्युँझ !)

क्विक्, निर्मल, क्विक्, क्विक् !...

“लिन !”

“ऊँऊँ !”

“केही बोल !”

“हुन्छ”

“(यो रात हो ? हामी सँगै छौं के छ ?) तिमीबाट अङ्कमालमा बेरिएकी मैले नै हो, अङ्कमालमा बेरेको तिमीलाई,

पत्रपत्रबाट उम्री आउँछु म तिमै बाहुपाशमा...

तिम्रा श्वास–प्रश्वास झर्छन् मेरा वरिपरि शीतझैं

तिम्रा स्पन्दन लोलाइदिन्छन् मेरा कानको जालीहरू, लाग्छ मलाई म चुर्लुम्म भइसकें सर्वाङ्गै, स्वर्गिक, ओह ! कस्तो स्वर्गिक !”[४]

चुर्लुम्म !

झ्वाम्म !

(विस्फोट ?)

यो देब्रे आँखामा भएको अर्को ज्यातिको विस्फोट हो ! के भ्यानगोको सनफ्लावरले पुनर्जन्म लिएन ?

होइन, होइन ! (हो ! हो !)

यो सन्फ्लावर होइन–

यो लिनको दोस्रो चुम्बन हो !

झ्वाम्म, झ्वाम्म, झ्वाम्म !

के तिमी चढेको नाउलाई लहरले आत्मसात् गऱ्यो ?

के आँधी आयो ?
के हुरी आयो ?
के भयो ?
(एबेलान्से ?)
उघार निर्मल... आँखा !
आँखा, आँखा, आँखा !
(दलिन थातमा बस्न पुगिसके। मानौं, दलिन सिपाहीका कतार नै हुन्– एकनास, एक पङ्क्तिमा, सोझा !
निर्मल रेकर्ड समाप्त भयो। अब, सम्झनाको लयमा विलीन नहोऊ... ।)

१. ↑ भूपी शेरचन
२. ↑ भीमदर्शन रोका
३. ↑ विलियम किनबुस्कको ‘द बिअर एन्ड द आइल्यान्ड’।
४. ↑ वाल्ट विटम्यान

# हामी पाइताला हौं : फगत पाइताला[१]

त्यसैले हामी गोरेटोको आत्मा। हाम्रा असङ्ख्य पाइताला नसरून् त गोरेटोलाई दुई किनारका घाँसले स्वाट्टै निलिदिन्छन्। प्रकृतिको प्रतीक घाँस, त पाइतालाको प्रतीक गोरेटो। प्रथम पाइताला जसले झाङ फाँड्यो होला, उकालो उक्ल्यो होला, धौरालीमा सुस्तायो होला, एक तान छेड्यो होला, निश्चय पनि त्यो प्रथम पाइताला ईश्वरको हो– एक निर्माणरत अनुसन्धानप्रेरित अग्रज। समूहको भेडाधसानबाट अलग्गिने एक वानर मनुष्यको अग्रज हो। मनुष्यको भेडाधसानबाट अलग्गिनेचाहिं... (पख अहिले भन्छु। त्यही भन्न त यत्रो सुरसार गरेको। अलि भूमिका कसूँ र कथन प्रस्ट पारूँ होला।)

धेरै अगि केटाकेटीमा एउटा खप्पर देखेको थिएँ, काशीमा। पलङको सिरानमा एक खोपा थियो, कपडाले छोपिराखेको। राति निद्रा लागेन, उत्सुकतावश मामाको कोठाको मालताल निरीक्षण गर्न थालें। पर्दा झिकेको एक खप्परको मौन परपेचुअल हाँसो पर्छ सामु। झस्किनँ भन्न सक्तिनँ तर पनि डराइनँ। मरेपछिको रूप त्यही हो भने सबै मर्छन्, म पनि मर्छु, किन डराउने हगि? (थाहा छैन यो विचार अहिलेको हो कि उही बेलाको हो।) जे होस्, मलाई आकर्षित गर्ने चिल्लो सेतो हाड, त्यो बङ्गारा आँखा हुने ठाउँका खाडल र... निधारमा कोरिएको रातो र नीलो किरमिरे धर्काले। ललाटको एक छेउबाट अर्को छेउसम्म मानौं हात कामेर कसैले बाङ्गो धर्को दुईपटक तानिदियो– नीलो र रातो डटपेनले। पछि थाहा पाएँ, त्यो छैटीको दिन भावीले हाम्रो निधारमा, हामी सबैको, अर्को भाग्यरेखा त्यही हो। पानी, हिलो, कीरा, स्याल, गिद्धका पन्जाबाट उम्कन सक्ने त्यो नमेटिने रेखा हाडमा नै कोरिएको हुँदो रहेछ। आज अनायास 'गोरेटोको खोजीमा'

सम्झँदा गोरेटो सम्झें– नागबेली परेको गाईले हिंड्ने बाटो अनि सम्झें आकाशबाट देखिने साना खोलानालाको रूप अनि सम्झें देशहरूका बीचको लाल–सिमाना–रेखा विजय मल्लको 'छोरीलाई मानचित्र पढाउँदा' अनि कसो–कसो त्यो खप्पर सम्झन पुगें। अठार–बीस वर्षअगिको त्यो घटना किन सम्झियो, त्यो साइकियाट्रिस्टको जिम्मा। झ्वास्स मनमा एक हलुको भूकम्प गयो (त्यो अज्ञात मानिसको खप्परमा कोरिएको रेखा भाग्यमानी थियो–थिएन, जान्दिनँ तर त्यसरी गङ्गामा अफालिएर त्यसरी अगतिमा मरेको एक व्यक्तिको अठार–बीस वर्ष पुरानो खप्परले मजस्तो जिउँदो मानिसको सृजन गर्न तत्पर भएको बेलाको स्वच्छ मस्तिष्कमा छाप मार्नु... अनौठो हगि! त्यो पनि नयाँ गोरेटोको खोजीमा लागेको बेला।)

अनि, आज अनायास मानौं त्यो रेखा– त्यो भाग्यरेखा, जो साइज्मोग्राफिक (Seismographic) रेकर्डझैं देखिन्थ्यो। अँ! त्यसको अर्थ मानौं मैले अब बुझें। हाम्रा हृदयमा भएको प्रत्येक कम्पन, प्रत्येक हलचल, प्रत्येक पीडा त्यहाँ अङ्कित हुन्छ, ठीक उसैगरी, जसरी भूकम्पको लहर अङ्कन गरिन्छ।

जुन दिन ललाटको त्यो गोरेटो, जसउपर त्यस व्यक्तिले पाइताला चाल्दै आफ्नो जीवन बितायो, त्यसको अर्थ लाग्छ, त्यस दिन मानिस पूर्ण मानव बन्छ। राष्ट्रको, व्यक्तिको, समाजको उचनीच, घटना–दुर्घटना, सुख–दुःख ती कम्पनमै, एक अज्ञात अनाम नागरिकले बटुलेको रेखामै निहित छन्। त्यहाँ छ सच्चा इतिहास लेखिएको, एक निर्लिप्त इतिहासकारद्वारा, त्यहीं छ आलोचना–समालोचना–प्रत्यालोचना गरिएको एक वादहीन दृष्टिले। म त्यो पढ्न सक्तिनँ तर त्यसमा भएको खाका, रूप, एक भावना म बुझ्छु।

म बुझ्छु, त्यो एक विशाल यथार्थ लेखनी हो, जसमा कान्छा र कान्छीको प्रेम, प्रतिक्रिया र पाप छन्, जसमा स्वास्नी पोइल गएको कम्पन पनि हुन सक्छ, साहूले घरजग्गा लगेको चोट पनि, नोकरी छुटेको, छोरा मरेको, घर जलेको, भोक, शोक, रोग, अनिकाल परेको अनि विवाह, धन, मर्यादा, छल कपट, सफलता– प्रत्येक सुख, तृप्ति, साहस, कम्पन निहित छ। म मात्र के, सबै जान्दछन् यो साइज्मोग्राफिक रेखाका क्रिया,

कारण र निवारण के हो। यो पङ्क्ति पढिरहने मेरो मित्र, के तिमी जान्दैनौ, तिमीलाई अहिले यस क्षण जो अप्ठ्यारो छ, त्यसको कारण के हो?

यो डाँडापारि के छ, मानौं सबै जान्दछन् तर मानौं प्रथम पाइला सार्न कसैलाई साहस छैन।

अँ त, मनुष्यको भेडाधसानबाट अलग्गिन सक्ने, अलग्गिन चाहने मानिस ईश्वर हो। (यही म अगि भन्न चाहन्थें।) ईश्वर असलमा हाम्रै बीच छ– हामीले पाइताला मात्र चिन्न सक्नुपर्छ, त्यो पाइताला, जसले नयाँ गोरेटो कोर्छ।

*फर्क फर्क हे जाऊ समाऊ*

*मानिसहरूको पाउ!*

आज म बुझ्दै छु, मेरो अटोग्राफ कपीमा आफ्नो सर्वश्रेष्ठ पङ्क्ति भनी किन देवकोटाले यी दुई लाइन कोरे! र... कुरै गर्ने हो भने विष्णु पादुका किन पुजिन्छ– त्यो पनि प्रस्ट छ।

आज यो कुरा मलाई बुझाउन कुनै अनाम अज्ञात व्यक्तिले अठार–बीस वर्षअगि आफ्नो जीवन समाप्त गऱ्यो। यही कुरा बुझाउन, सबैलाई, अनेक महात्मा ऋषिहरूले युग बिताए। तर पनि... संसार वर्गीकरण (Classification) मै रत छ। अझै पनि साधारणतः र धेरैजसो मानिस (Generalise) गर्छ, गरिन पुग्छ। सेक्सपियरकै भएर के भो, ह्याम्लेट र रोमियो जुलियटलाई Dewey–decirmal classification मा सँगै राखिन्छ, एउटै सेल्फमा जिल्दा जोडेर। कहाँ ह्याम्लेट, कहाँ रोमियो–जुलियट। ती स्वयम्मा आफ्ना एक अलग संसार हुन्। त्यसरी नै, यदि साथसाथ बस्ने दुई व्यक्तिको अस्तित्व पनि अलग एक–एक व्यक्तित्व हो भनी हामीले हृदयदेखि मानेको दिन– एक नयाँ गोरेटो कोरिन्छ।

गोरेटोहरूको अलमलिने जङ्गलमा त्यही गोरेटो म पैलाउँदै छु। स्वयम् म प्रथम पाइला सार्न सक्छु–सक्तिनँ जान्दिनँ।

तर कुनै दिन मेरो ललाट केही गरी विष्णुमतीका बगरमा फेला पार्‍यौ भने ओ मेरा सन्तति, त्यसका धर्कोमा तिमी पढ्न खोजे, हूल रेजिमेन्टेसन र गोरेटोहरूका जङ्गलमा एकछिन अडेर यसले आफ्नो हृदयको साइज्मोग्राफ ललाटमा अङ्कित गरेछ।

खास गरी हरिहर जोशी– टुकुचामा तिमी निश्चय भए!

१. ↑ भूपी शेरचन– ‘हामी’– बाट।

# औपन्यासिक पात्र : जीवनको पृष्ठभूमिमा

भन्छन् दान गर्नू बिर्सिदिनू अनि मात्र पुण्य मिल्छ। कुरा कहाँबाट उठ्छ भने भर्खर एउटी अन्धी आइमाई केटोलाई डोऱ्याउँदै आइरहेकी थिई। उसलाई मैले एक ढ्याक दिएँ। बच्चोले पैसा हत्केलामा राखेर हेप्यो र बिस्तारै भन्यो, “पाँच पैसा!” स्वास्नीमान्छेको अनुहारमा न कुनै कृतज्ञताको भाव आयो, न हर्षको, न सफलताको। ऊ ढ्याकजत्ति नै निस्पन्द थिई। परेला चिम्लेकी नै ऊ बिस्तारै घुमी र गई। ठिटोले डोऱ्याउँदै लग्यो उसलाई।

असलमा यो साह्रै नगण्य एक घटना थियो। र कहानीकलाको मापतौलमा यस्ताको उल्लेख गरिन्न पनि। र जीवनमै पनि यी जुन नगण्य पात्र छन्, यिनलाई सम्झिराखिन्न। तर मेरो परिस्थिति अर्कै थियो– म त्यस बेला जीवनको गहनता र महानता र विभिन्नताउपर रमिएको थिएँ। मेरो आँखामा एउटा स्मार्ट ठिटोको अनुहार व्याप्त थियो र मेरा कानमा उसका बोलीको झङ्कार गुन्जिरहेको थियो। ऊ असलमा स्कुलबाट भागेर आएको थियो। नीलो कट्टु, सेतो कमिज, पुस्तकको झोली जनैजस्तो भिरेको, दाहिने हातमा लन्च बक्स। सडकमा उभिएर ऐनाभित्रका मालसामान निरीक्षण गरिरहेको। मेरो छोराकै स्कुलको लुगा देखेर, सायद एक आत्मीयताको नाताले होला– मैले अङ्ग्रेजीमा सोधें, “आज स्कुलबाट किन चाँडै आयौ?”

पुलुक्क मेरो मुख हेर्छ ऊ! अहिलेसम्म, साँच्चै भनूँ भने म युनिफर्मसँग कुरा गर्दै थिएँ। अब जब अनुहार आउँछ मेरो सामु, म उसलाई उसकै रूपमा हेर्छु। घोप्ट्याएको त्रिकोण छ उसको अनुहार र यसका आँखा भर्खरै मानौं कसैले कर्दले अनुहारमा रोपेको दुई ताजा

घाउ हुन्। नानी, परेला, आँखीभौं केही देखिंदैन पहिलो झोकमा। होलान् ती तर तिनको प्रमुखता हैन, सायद प्रयोजन पनि। अनुहार विशिष्ट छ, बुझ्न नसकिने एक छाप छाडिदिन्छ मनमा र धेरै बेरसम्मन् ऊ धमिलिएर पनि प्रस्ट भइरहन्छ मानौं।

"फादरले घर जाऊ भन्यो। मलाई घाउ भयो।"

"कहाँ?"

"यहाँ।"

निहुरिएर घुँडामुनि हेर्छ। घिस्रिएको दाग छ, आलो।

"म त तिमी भागेर आयौ भन्ठानेको।"

"म भाग्ने खालको मान्छे होइन!"

"मलाई थाहा थिएन नि त! मैले घाउ देखिनँ, ठानें स्कुलबाट तिमी भाग्यौ!"

उसले बिर्सिदियो मैले दिन खोजेको सफाइ, त्यसरी नै जसरी हामी दान बिर्सिदिन्छौं अथवा भनौं सफाइका वाक्य उसका लागि महत्वहीन थिए, नगण्यै भनौं।

"अस्ति मैले अङ्ग्रेज लिएर आएँ, यहाँबाट उसले दुइटा यो किन्यो।"

उसले औंलाएका कुरा हेर्छु– ज्यापू, ज्यापूनी हुन् काठका। उसको अनुहारको भाव यस्तो छ, मानौं त्यो किनाइदिएर उसले मेरो ठूलो उपकार गरिदिएको छ। मानौं मैले उसप्रति कृतज्ञता गर्नै पर्छ। स्वीकार गरिहाल्नु उसको महत्वलाई होच्याएको देखिने हुनाले म शङ्का प्रकट गरिदिन्छु, "तिमीले किनाइदियौ?"

अब ऊ दङ्ग पर्छ। ऊ मलाई यस दृष्टिले हेर्छ, मानौं उसको लमाइ पाँच फिट एक्कासि बढ्यो र ईथरमा उसका वरिपरि एक प्रकम्पन छ उसको सानको, म सब मानौं ग्रहण गरिरहेछु। चुप लागेर रोक्तारोक्तै फुस्कन गएको पाराले मुस्कान बिस्तारै छाड्दै छ। मलाई लट्टाईबाट धागो छाडिरहेको सम्झना आउँछ। यत्तिका मौन यो सम्भाषण जो भयो, यसका लागि मानौं भाषा, शब्द अभिव्यक्ति खै पर्याप्त ?

“मेरो घरमा यो पनि छ।” उसले बुद्धको सानो प्रतिमा इङ्गित गर्छ। मलाई देखा पर्छ झल्याँस्स एक पूजाकोठा र खापा र धूपबत्ती र अनेक भगवान्का बीच बुद्ध बसेको दृश्य। म पनि यसरी टाउको हल्लाइदिन्छु मानौं म जान्दछु सब, मानौं मैले उसको पूजाकोठा देखेको छु, मानौं म नै त उसको पूजाकोठे, पुजारी हुँ।

“यसभन्दा ठूलो र यसभन्दा राम्रो! साँच्चिकैको। यस्तो अङ्ग्रेजलाई बेच्ने खालको होइन।”

पुजारीको जागिर पजनी हुन्छ मेरो। म मर्माहत हुन्छु। यसले मेरो व्यवसाय मानौं राम्ररी जानेको छ।

“अँ!”

यो ‘अँ’ म यस पाराले भन्छु, जसमा आश्चर्य, प्रश्न, जिज्ञासा, अनुरोध सब छ। मानौं यो ॐ को मन्त्र हो। बुझिदिन्छ ऊ कुरा– भन्छ, “मसँग टिबेटन स्टोन पनि थियो दुइटा।”

ईश्वरको स्वादिलो गम्भीर चर्चाबीच यो स्टोन दाँतमै मानौं टोकिन्छ।

“अँ! दुइटा ?” .

“हरायो। बाकसबाट। नत्र देखाउने थिएँ।”, ऊ भन्छ।

“तिमी कुन स्टैन्डर्डमा ?”

“सेकेन्ड बी–मा ।”

“घर कहाँ ?”

“पनोरमा होटल... निरै ।”

यस पाराले ऊ ‘निरै’ भन्छ, एकछिन गम खाएर, मानौं पनोरमा होटेल उसकै घर हो, ‘निर’ त अर्काको । ऊ घरतिर जान्छ । न कुनै ग्रिटिङ, न कुनै मुस्कान– फरक्क फर्कन्छ र हिंडिदिन्छ । म उसैको आभामा रुमल्लिरहन्छु ।

मलाई केटाकेटी मन पर्छ । तिनको वरिपरि एक आभा हुन्छ, जीवनदायिनी । र त्यसको उद्‌गम स्रोत हुन्छ एक क्षणिक... जिज्ञासाको... असलमा केटाकेटी मलाई मन पर्छ, उसले हामीलाई बिर्सिदिने हुनाले र जबजब एउटा स्मार्ट केटा म देख्छु, मलाई एक आशा प्राप्त हुन्छ, एक विश्वास बर्सिन्छ मेरो सामु । लाग्छ, अझै संसार समाप्त भइसकेको छैन ।

कहाँबाट बीचमा यो दर्शन आइपुग्यो । बूढो हुँदै गएको लक्षण यही हो– जेमा पनि अर्थ, योजना र दर्शन खोज्ने, नपाएमा भिडाउने ।

अँ त, भन्दै थिएँ । त्यै केटाको तेजमा, छोडेर गएको वातावरणको आभामा म रुमल्लिरहेको थिएँ । त्यस बेला म जीवनको गहनता, महानता र विभिन्नतामा रुमल्लिरहेको थिएँ । र मलाई सम्झना आइरहेथ्यो मेरो साथी एक कविको । जो कविता गर्न छाडेर मास्टरी गर्न थाल्यो । र जो अब मास्टर मात्र भएको छ । नाउँ उसले नकमाएको होइन, स्वयम् एक स्कुल बनायो, कविता क्षेत्रमा लेख्न छाडे पनि, आजसम्म तर जसको बराबर चर्चा भइरहन्छ । ऊ बराबर भन्छ– “कविता लेखिन्छ आत्मतृप्तिका लागि होइन

त? तँ केटाकेटीका घेरामा एकछिन बस् त, कस्तो आत्मतृप्ति हुँदो रहेछ।" सडकमा हिंड्दाहिंड्दै एक दिन, अनायास, टक्क अडेर भन्छ–

"यो ठाउँ देख्छस्?"

"देखिरहेछु!"

"राम्ररी हेर्! यस ठाउँमा मलाई एकपटक चरम तृप्तिको अनुभव भयो।"

ठाउँ हेर्छु। नाङ्गो पेटी र रित्तो भित्ता, पर्खालबाहेक त्यहाँ केही छैन।

"पानी परेर म यहाँ त्यसै ओत लागेको थिएँ। एउटी पाँच वर्षकी केटी आफ्नी आमासँग जाँदै थिई। मलाई देखी। आमाको ओढिरहेको छाता मागेर ल्याई। भन्छे– "मास्साब, छाता लिनोस्।" मेरो त आँखाका परेला भिजे। सक्छस् तँ बुझ्न, त्यस केटीको हृदयमा भएको भावलाई? रिस राग, छलकपट, द्वेष केही नउम्रेको स्वच्छ स्नेह हो त्यो। त्यसले मुस्किलले तीन–चार सय शब्द जानेकी होली, त्यत्रो सानो शब्दसञ्चयबाट शब्द झिकेर "मास्साब, छाता लिनोस्" भन्न सक्नु, आत्मप्रवञ्चनाबिना आफूलाई, आमालाई, वर्षालाई बिर्सेर! भन् त, ती तीन शब्दमा कत्तिको कविता छ! बिस्तारै गालामा थपथपाएँ, भने, "भो बा भो, भो, मान्छे पर्खिरहेको।" बेमनसाथ ऊ फर्की। केटी स्कुलमा साधारण हो, विशेष आँखामा नपर्ने। भोलिपल्ट मैले क्लासमा उसलाई धन्यवाद दिएँ। उसको अनुहारको दीप्ति, त्यस बेला। बाबू, जीवनमा कविता छरिएर बसेका छन्, देख्न सक्नु र टिप्न सक्नु मात्र पर्छ। लेख्ने फुर्सत कसलाई?

म जान्दछु, उसले नलेखिदिनाले हामीले धेरै कुरा गुमाएका छौं। तर लेखिएका कुराबाट नै हामीले कहाँ केकति पाउन सकेका छौं आजकाल! फेरि दर्शन च्याउन खोज्छ। त, भन्दै थिएँ, जीवनको यस्तै गहनता, महानता र विभिन्नताले परिपूर्ण काव्यात्मक अनुभूतिमा रमाइरहेको बेला मेरा आँखामा पर्छन् ती ढ्याकजस्ता चिसा अनुभूतिहीन अनुहार। म पाँच पैसामा त्यसलाई पन्छाउने ध्येयले झटपट पैसा दिइहाल्छु

र भन्छु– मन मेरो, तँ बिर्सिदे तैंले गरेको यो उपहार र फर्की आइज काव्यपूर्ण संसारमा। र यहाँनिर म असफल हुन्छु। मलाई लाग्छ, म अतीतबाट उम्कन सकेको छैन। यो जो विगत एक इतिहासको निचोड छ, यो उक्ति, जसले 'अर्काको असफलतालाई पन्छाइदेऊ, पैसाले, दानले, पुण्यले, भजनले, स्तुतिले...' भन्छ, यही हो, जो हाम्रा पुर्खाका पुर्खाले हाम्रा पुर्खालाई सिकाए, त्यस बेला जब समाजले यो चेतनता पाएको थिएन, यो व्यक्तिको सामूहिक उत्तरदायित्व समाजउपर छ भन्ने चेतनता! म किन अझै यो चेतनालाई बन्दी बनाएर पुण्य कमाउने तरखरमा छु हँ? म मेरा सन्ततिलाई किन फेरि यही उक्तिको कोसेली ओसारूँ हँ?, जब स्वयम् मैले बुझिसकेको छु... के बुझिसकेको छु? होइन, सोझो कुरा गर्ने हो भने मलाई अलि पापी नै बन्न देऊ बरु, तर म सम्झिरहन चाहन्छु, मैले दान गरेका कुरा, कारण अनि पो मेरा आँखाअगाडि बारम्बार र बराबर आइरहनेछन्, ढ्याकजस्ता चिम्लिएका आँखा, चिसा अनुहार र निर्लिप्त भाव र बारबार सम्झिरहेछु, घोप्टिएको त्रिकोण र कर्दले उघारेको दुई घाउ अनुहारको, र बारबार म सम्झिरहन चाहन्छु, मानिसको हीनतम अवस्था जब एक व्यक्तिले अर्को व्यक्तिसामु हात पसारेर पाएको दान पनि दान नसम्झिन सक्ने भएको थियो, जब दान पाएर पनि पाउनेको अनुहारमा कुनै प्रतिक्रिया, कुनै लाज, कुनै कृतज्ञता अथवा खोक्रो आशिषको सङ्केतसम्म पनि थिएन। म सम्झिरहन चाहन्छु त्यो अनुहार, जसले भीख माग्नु पनि एक कर्तव्य ठानिसक्यो, त्यत्ति ठूलो कर्तव्य मानौं ऊ हामीलाई अनुगृहीत गरिरहेछ अथवा भनौं त्यत्ति पनि होइन, उसको निम्ति त्यो क्रिया सास फेरेजत्तिकै, रौं उम्रेजत्तिकै, नङ उम्रेजत्तिकै स्वाभाविक भइसक्यो। म चाहन्छु, म उमारिदिऊँ उनीहरूमा, आफू स्वयम् कृतघ्न भएर पनि एक लज्जाको भावना वा म चाहन्छु उमारिदिऊँ स्वयम् आफूमा एक प्रतिक्रिया यी रगतमा घुमिसकेको परम्पराविरूद्ध। म चाहन्छु उसमा पीडाको, लाजसरम कष्टहीनताको अनुभूति कम से कम बाँकी रहोस् किनभने त्यही अनुभूतिकै माध्यममा तिनको परिष्कार, तिनको दुर्दशाको निवारण छ।

दान दिने कुरा धर्म बनिसकेको धेरै भयो। आज मलाई अनुभव हुँदै छ, यो अब जीवन पनि पो बन्न थालिसक्यो।

म चाहन्छु, खुट्टामा घाउ भएर चाँडै घर आउने ठिटो, त्यो ठिटो जसले अङ्ग्रेजलाई ज्यापू–ज्यापूनी बेचिदियो र उसको घरमा बढी ठूलो र बढी राम्रा बुद्ध छन् र जसले बाकसबाट टिबेटन स्टोन गुमायो, त्यस ठिटोले चाहे कविता र कथा नलेखोस्, चाहे कविहृदय मास्टरलाई छाता नदेओस् तर पनि निश्चयसाथ 'पुण्यचाहिं नकमाओस्।'

म जहाँ अडेको छु आज, त्यहाँसम्म मात्र उसका पनि पाइला पुग्ने हुन् र ऊ अगाडि बढ्न मैजस्तो अलमलिने हो भने मलाई डर छ, हामी बाँचेको अस्तित्व केही रहनेछैन।

उसका आँखामा हामी पनि कहीं नगण्य र बिर्सिदिनुपर्ने औपन्यासिक पात्र मात्र नरहन जाऔं।